वर्ष : १७, अंक : ३०, काठमाडौं, २०७८ कार्तिक २६ गते शुक्रबार, 12 November 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## विशेष सम्पादकीय

## मन्त्री श्रेष्ठलाई बर्खास्त गर सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) ले सामाजिक सद्भाव र राष्ट्रिय एकताविरूद्ध अभिव्यक्ति दिएका छन् । उनले मधेशीहरूलाई देश टुक्र्याउने संज्ञा दिएका छन् । मधेशीलाई राष्ट्रघाती वा देश टुक्र्याउने देख्ने मन्त्री श्रेष्ठले पुष्टि गर्नुपर्दछ या त राजीनामा दिनुपर्छ भन्ने आलोचना हुन लागेका छन् । उनको आपत्तिजनक अभिव्यक्तिले मधेशी समुदायमा ठूलो आघात पुगेको हो । उनले गृहजिल्ला तनहुँमा अस्ति सोमबार आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीको आलोचना गर्ने त्रममा मधेशी समुदायप्रति लक्ष्य गर्दै भनेका थिए, 'दुईतिहाइको सरकार छाडेर देशै टुक्र्याऊ भन्ने मधेशीहरूलाई १२ /१४ जना मन्त्री बनायो ।' नेकपा (एकीकृत समाजवादी)का नेतासमेत रहेका मन्त्री श्रेष्ठको अभिव्यक्तिको सर्वत्र आलोचना भइरहँदा पनि सरकार वा उनका पार्टीले कुनै प्रतिक्रिया दिएको छैन । मधेशीलाई विदेशी र राष्ट्रघाती देख्नेहरूको नश्लीय अभिव्यक्तिकै कारण मुलुकको राष्ट्रिय एकता खतरामा पर्ने गरेको छ । सच्चा राष्ट्र भक्ती बोकेका मधेशीलाई अपमानजनक अभिव्यक्ति कहिलेसम्म सुन्नुपर्ने हो ? मन्त्री श्रेष्ठको अभिव्यक्ति नश्लीय र आपत्तिजनक भएको भन्दै आलोचना सुरू भएको छ । विगतमा पदीय मर्यादाविपरीत हुने अभिव्यक्ति दिएको भन्दै कतिपयले मन्त्री पद नै गुमाएका छन् । बंगलादेशमा चिकित्सा शिक्षा पढ्ने छात्राबारे दिएको अभिव्यक्तिका कारण २०७६ मा तत्कालीन कानुन, न्याय तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङले राजीनामा दिनुपरेको थियो । २०६८ मा तत्कालीन रक्षामन्त्री शरतसिंह भण्डारीले 'तराईका २२ जिल्लाका जनताले छुट्टिने निर्णय गरे संविधान, कानुनले रोक्न सक्दैन' भन्ने अभिव्यक्ति दिएपछि तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टराईले पदमुक्त गरेका थिए । तसर्थ, पदीय मर्यादा नबुझ्ने र राष्ट्रिय एकताविरूद्ध अभिव्यक्ति दिने मन्त्री वा जोसुकैलाई संविधानअनुसार कारबाही होस् । सरकारले अविलम्ब यस्ता अभिव्यक्तिमाथि नियन्त्रण गर्न मन्त्री श्रेष्ठलाई बर्खास्त गरियोस् ।



मन्त्री कृष्णकुमार श्रेष्ठ

### जसपाको मौनता लज्जास्पद

गठबन्धन सरकारको प्रमुख घटक तथा मधेशको मसिहा भनेर चिनाउने उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल मन्त्री हिकसान श्रेष्ठको अभिव्यक्तिप्रति मौन समर्थन रहेको बुझिन्छ । मधेशको मसिहा भनेर भनाउने पार्टीवालाले मधेशीप्रति अपमानजनक शब्दवाण प्रहार हुँदा मौनता धारणा गर्नु लज्जाजनक हो ।

# मधेशसँग धोकाको राजनीति कहिलेसम्म ?

## जातिवादलाई बढावा दिँदै कांग्रेस, नश्लीय राजनीतिको निरन्तरता



शेरबहादुर देउवा



पुष्पकमल दाहाल प्रचण्ड



माधव कुमार नेपाल



उपेन्द्र यादव



चित्रबहादुर केसी

मधेशवाणी डेस्क

काठमाडौं । नेपाली कांग्रेसको आधारभूमि मधेश हो । मधेशबाट मत ल्याएर मधेशीलाई नै दमन, शोषण र उत्पीडनको शिकार बनाउँदै आएको नेपाली कांग्रेस सही अर्थमा नश्लीय पार्टीको रूपमा आफूलाई उभ्याउँदै आएको छ । कांग्रेसले नेतृत्वले कहिल्यै पनि मधेशीको समस्यालाई समाधान गर्न अग्रसरता देखाएन । मधेशको मतबाट सत्तामा पुग्ने तर समस्यालाई जहाँको त्यहीं राखी पुनः त्यसलाई राजनीतिक एजेण्डा बनाँदै आएका छन् ।

मधेशसँग विभेद, असमानता, अन्याय र रंगभेद रहेको स्वीकार गर्दै कांग्रेस नेतृत्वले कहिल्यै पनि अस्वीकार गर्न सकेन । विभेद, अन्याय, अत्याचार, शोषण, दमनविरूद्ध मधेशमा जब-जब विद्रोहको अवस्था आयो तब-तब कांग्रेस नेतृत्वले मधेशकेन्द्रित नेतृत्वसँग सम्झौता गर्दै गयो । कांग्रेसको अहिलेसम्मको पृष्ठभूमि हेर्ने हो भने २०५० सालदेखि मधेशकेन्द्रित नेतृत्वसँग लिखित सम्झौता गर्दै आएका छन् । कांग्रेसले सरकारको नेतृत्व गरिरहँदा मधेशकेन्द्रित नेतृत्वसँग अहिलेसम्म पाँच पटक सम्झौता गरिसकेको छ भने सत्तामा प्रवेश पाउनका लागि मधेशकेन्द्रित नेतृत्वसँग पाँच पटक दलगत सम्झौता गरेको छ ।

अहिले पनि नेपाली कांग्रेस नेतृत्वको सरकार निर्माणमा मधेशकेन्द्रित दल जनता समाजवादी पार्टीलाई सत्ताको लोभ देखाएर साझा न्यूनतम् कार्यक्रमको नाममा ९८ बुँदा सार्वजनिक गऱ्यो । संविधान संशोधन, सांसद रेशमलाल चौधरीको रिहाइका साथै राजबन्दीहरूको रिहाइ, लाल आयोगको प्रतिवेदन सार्वजनिक, नागरिकता समस्या समाधान लगायतका मागहरू पूरा गर्ने भनेर जसपालाई रिझाउन ९८ बुँदा यो कांग्रेस नेतृत्वको सरकारले सार्वजनिक गरेको छ ।

देउवा सरकारले गर्ने नियुक्तिहरूमा कतै पनि समावेशी देखिएको छैन । अहिले पनि कांग्रेसले मधेशसँग धोका नै गरिरहेको छ । नेपाली काँग्रेस देशकै सबैभन्दा ठूलो प्रजातान्त्रिक शक्ति भए पनि मधेशप्रति उसको अनुदार नीतिकै फलस्वरूप थुप्रै नेताहरू विद्रोही भएर पार्टीबाट निस्किएका उदाहरणहरू छन् । २०१५ सालमा मधेशी जनक्रान्ति दल गठन गरेर रघुनाथ ठाकुरले विद्रोह गरे भने २०४६ सालमा गजेन्द्रनारायण सिंहले पार्टीको नीतिको विरोध गर्दै आफ्नै पार्टी बनाए । काँग्रेस भित्र विद्रोह गर्ने क्रम जारी रहँदा पनि त्यसको नेतृत्व वर्गमा चेत भने खुलेन र परिणामतः २०६४ सालमा महन्थ ठाकुर पनि विद्रोह गर्न बाध्य भए ।

ती सबै विद्रोही छवि भएका नेताहरूको एउटै लक्ष्य छ-पार्टीको विभेदकारी नीति जो मधेशसँग सम्बन्धित छ । यद्यपी काँग्रेसको गढ भनेको नै मधेश हो तर उसले कहिले पनि मधेशलाई विश्वासमा लिन सकेन/जानेन । मतका लागि मात्र मधेशलाई हेर्ने संकीर्ण र अतिवादी सोचले गर्दा नै आम मधेशी समुदायमा काँग्रेसप्रति वितृष्णा जागृत भएको तथ्य नेतृत्वले अहिलेसम्म बुझ्न सकेको छैन ।

काँग्रेसले मधेशको मत पाएर २०४६ सालपछि थुप्रै पटक सरकारको नेतृत्व गरेपनि उसको अनुदार नीतिमा अहिलेसम्म कुनै फेरबदल आएको छैन । यसबीचमा उसले मधेशका राजनीतिक दलहरूसँग थुप्रै पटक विभिन्न खालका सम्झौता र सहमति गरे पनि ती सबै रद्दीको टोकरीमा फालिएको छ । पूर्व सहमति र सम्झौताहरू आजको मितिसम्म कार्यान्वयन नहुनुमा काँग्रेसको नेतृत्व वर्ग जति दोषी छन् मधेशी दलहरू पनि उत्तिकै दोषका भागिदार छन् ।

### नेपाली कांग्रेस नेतृत्वको सरकारले मधेशसँग गरेका सम्झौताहरू

| क.सं. | मिति | बुँदा | सरकारको नेतृत्व गर्ने व्यक्ति | सत्तारुढ दल | मधेशी दल |
|---|---|---|---|---|---|
| . | २०५०।९।०५ | ४ | श्री ५ को सरकारको तर्फबाट माननीय मन्त्री श्री शेरबहादुर देउवा, माननीय राज्यमन्त्री श्री महेश आचार्य, माननीय श्री अर्जुननरसिंह केसी | नेपाली कांग्रेस | नेपाल सद्भावना पार्टीको तर्फबाट माननीय श्री हृदयेश त्रिपाठी, श्री राजेन्द्र महतो र श्री गौरीशंकर महापाल |
| २. | २०५५।७६ | ३ | श्री ५ को सरकारको तर्फबाट मन्त्री अर्जुननरसिंह केसी | नेपाली कांग्रेस | नेपाल सद्भावना पार्टीको तर्फबाट श्री रामेश्वर राय यादव, श्री भोगेन्द्र ठाकुर र श्री शैलेश कुमार चोधरी |
| ३. | २०६४।५। ३ | २२ | नेपाल सरकारको तर्फबाट श्री रामचन्द्र पौडेल (संयोजक सरकारी वार्ता टोली) | नेपाली कांग्रेस | मधेशी जनअधिकार फोरम, नेपालका संयोजक श्री उपेन्द्र यादव |
| ४. | २०६४। । ६ | ८ | नेपाल सरकारको तर्फबाट प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला | नेपाली कांग्रेस | संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका तर्फबाट श्री महन्थ ठाकुर, श्री राजेन्द्र महतो, श्री उपेन्द्र यादव |
| ५. | २०७८ साउन २३ | ९८ बुँद संयुक्त सरकारको साझा न्यूनतम् कार्यक्रम | नेपाल सरकारको तर्फबाट प्रधानमन्त्री श्री शेरबहादुर देउवा | नेपाली कांग्रेस | जनता समाजवादी पार्टी नेपालको तर्फबाट उपेन्द्र यादव |

### नेपाली कांग्रेसले मधेशीकेन्द्रित दलसँग गरेका सम्झौताहरू

| | | | | |
|---|---|---|---|---|
| ६. | २०७२ जेष्ठ २५ | ६ बुँदे | कांग्रेस/एमाले/एमाओवादी | मजफो, नेफ्ल (लोकतान्त्रिक |
| ७. | २०७३ साउन ९ | ३ बुँदे | कांग्रेस/माओवादी केन्द्र | मधेशी मोर्चा/संघीय गठबन्धन |
| ८. | २०७४ जेष्ठ २३ | ३ बुँदे | कांग्रेस/माओवादी केन्द्र | राष्ट्रिय जनता पार्टी नेपाल |
| ९. | २०७४ जेष्ठ २३ | ३ बुँदे | कांग्रेस/माओवादी केन्द्र | संघीय समाजवादी फोरम नेपाल |
| ०. | २०७६ पुस ८ | बुँदे | नेपाली कांग्रेस | समाजवादी पार्टी |

### एमालेको मौन समर्थन

काठमाडौं । मधेशसँग हुँदै आएको रंगभेदमा नेकपा एमालेको पनि कम हात छैन । नेकपा एमाले अहिले प्रमुख प्रतिपक्षी दल हो । कुनै पनि नियुक्तिमा प्रमुख प्रतिपक्षीको हैसियतले विरोध गर्न सकेको छैन । नेकपा एमालेले मधेशप्रति आफ्नो दृष्टिकोण स्पष्ट गर्न सकेको छ । पाँच दलीय गठबन्धन सरकारले गर्दै आएको नियुक्ति, मन्त्री किसान श्रेष्ठले मधेशीलाई लक्षित गर्दै दिएको अभिव्यक्ति, समावेशिताको सवाल ( मन्त्रिपरिषद, राजदूतलगायत अन्य), जसपाको जातिवाद लगायतका विषयमा मौन समर्थन जनाउँदै आएको छ ।

## प्रधानसेनापति शर्मालाई भारतीय स्थल सेनाको मानार्थ महारथीको सम्मान



काठमाडौं । प्रधानसेनापति प्रभुराम शर्मालाई भारतीय स्थल सेनाको मानार्थ महारथीबाट सम्मान गरिएको छ । भारतका राष्ट्रपति रामनाथ कोविन्दले बुधबार राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा शर्मालाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका हुन् । मंगलबार साँझ उनले भारतीय समकक्षी मनोज मुकुन्द नरभणेसँग भेटवार्ता गरेका थिए । सन् १९५० देखि एकअर्काको देशमा मानार्थ सेना प्रमुखको सम्मान दिने चलन रही आएको छ । शर्मा भारतीय सेनाको मानार्थ महारथीको सम्मान पाउने नेपाली सेनाका १५ औं सेनापति हुन् । नेपालबाट १९६९ मा प्रधानसेनापति सुरेन्द्रबहादुर शाहले पहिलो पटक भारतीय सेनाको मानार्थ सेनाध्यक्षको दर्ज्यानी चिह्न पाएका थिए । त्यसयता सिंहबहादुर बस्न्यात, गुणशमशेर जबरा, सिंहप्रताप शाह, अर्जुननरसिंह राणा, गडुल शमशेर जबरा, धर्मपालवरसिंह थापा, प्रज्वल शमशेर जबरा, प्यारजंग थापा, रूक्माङ्गद कटुवाल, छत्रमानसिंह गुरूङ, गौरव शमशेर जबरा, राजेन्द्र क्षेत्री र पूर्णचन्द्र थापा गरी १४ जनाले मानार्थ महारथीको सम्मान पाइसकेका थिए ।

## 'महापर्वपछि महाआन्दोलनको पालो'



डा.सीके राउत

उदाउँदो सूर्यलाई अर्घ्य दिई छठ महापर्व सम्पन्न भएको छ । तर आमनागरिकको जीवनमा सूर्योदय भएको छैन। राज्यको दमन जारी छ । मधेश करौडौं बत्ती बालेर झिलीमिली गर्दै धूमधामसँग छठ मनाइराख्दा मधेशका १७ सपूतहरू नेपाल प्रहरीको हिरासतमा यातना भोगिरहेका थिए ।
म आफैं २०७१ सालमा पहिलो पल्ट गिरफ्तार हुँदा दशैं, तिहार र छठ सबै हिरासत/जेल भित्रै बितेको थियो। अन्तिम पटक रौतहट हिरासतमा रहँदा त झन् पीडादायक थियो - प्रहरीले हामी पाँच जनालाई त्यही छठको घाट हुँदै सरकारी वकीलको कार्यालय लैजान्थे, हामी छट्पटिरहन्थ्यौं ।
त्यो छट्पटी, त्यो यातना, त्यो विभेद अझै रोकिएको छैन। त्यसैले छठ महापर्व पछि मधेशमा महाआन्दोलनको पालो आएको छ । अन्धकाररूपी राज्यसत्ताका दमनकारी संयन्त्रहरू फालेर जनताको जीवनमा सूर्योदय ल्याउने बेला आएको छ ।

समय सन्दर्भ

विपुल राज

## पराजयको भय : ६ विकल्प

काठमाडौं । राजनीतिको नाममा निजी स्वार्थ पूर्ति गर्ने जनता ठग्ने, वंशवाद र जातिवादको आडमा दशकौंदेखि निजी समृद्धि प्राप्त गर्दै आएका नेतृत्वपंक्ति अब संकटको संघारमा छन् । पार्टीभित्र पनि विरोधले तीव्रता पाएको छ र जनतामाझसमेत अलोकप्रिय हुँदै गएका छन् । जसरी पनि अध्यक्ष भइराख्नुपर्ने, सत्तामा साझेदारी/शेयर पाइराख्नुपर्ने, टिकट बिक्री गरिराख्नुपर्ने, पद बेचेर पैसा उठाइराख्नुपर्ने, दूतावास-दूतावास धाइराख्नुपर्ने, जनमतलाई आम्दानी बनाइराख्नुपर्ने बानी परेका शीर्ष नेताहरूको जनाधार र जनविश्वास गुमेको छ। आगामी निर्वाचनमा आफ्नो नेतृत्वको पार्टीले साख बचाउन नसक्ने पूर्वआँकलन भइसकेपछि नेतृत्वबीच जम्मा ६ विकल्प रहेको छ ।

१. आफू पद त्याग्ने र नेतृत्व परिवर्तन गर्ने (जुन बाँचुन्जेल स्वेच्छाले गर्दैनन्) ।

२. २/४ सिट जितेर भएपनि दलपति कायमै रहने र मोलतोलको राजनीति गरेर जीविका चलाउने ।

३. दलहरूबीच समूह बनाएर चुनावमा जाने र टाउको-टाउको जितेर आउने ।

४. मोर्चाभित्र समझदारी गरेर शीर्ष नेताहरूले आआफ्नो नाम समानुपातिक सूचिमा राख्ने र देशैभरिबाट तल्लो तहका नेतृत्व परीश्रम गरेर ल्याएको मतबाट आफू सांसद हुने ।

५. पूर्ण समानुपातिक निर्वाचनको नारा दिने र देशैभरि प्राप्त मतलाई आफू र आफ्नो अनुकूलताका आधारमा प्रयोग गर्ने ।

६. आफ्नो जीत सुनिश्चित नहुन्जेल निर्वाचन हुन नदिने ।

अधिकांश नेतृत्व आज पराजयको भयले "रणनीति" निर्माणमा जुटेका छन् । उनका सामु देखिएका ६ विकल्पहरूमध्ये कुन-कुन प्रयोगमा ल्याउने भन्ने तयारी गर्दैछन् । पार्टीभित्रका अन्धभक्त कार्यकर्ताले नेतृत्वको स्वार्थ र दलको दुरूपयोग बारे अझै बुझ्न सकेका छैनन् ।

## सम्पादकीय

# परिवर्तन कसका लागि ?

राजनीतिको नाममा नेताहरूले गर्दै आएका चलखेलका कारण देशभि भ्रष्टाचार, जातिवाद, अतिवाद र वंशवादजस्ता कुपक्षहरूले संस्थागत रूप लिएको छ। राज्यका अंगहरूमा कार्यकर्ता भर्ती गर्ने परम्पराले एकातर्फ क्षमतावानलाई पीडा दिएका छन् भने अर्कोतर्फ अंगहरू नै निष्प्रभावी हुँदै गएको छ। वि.सं. २००४ सालदेखि थालिएको दलीय अभ्यासले देश र दललाई बलियो बनाउन सकेन। आफू, वंश, जात, समुदाय, गुट र आकालाई व्यवस्थापन गर्दागर्दै समय खेर गयो। कार्यपालिका, न्यायपालिका र पत्रकारिता जस्ता संवेदनशील र महत्वपूर्ण अंगहरूमा दलीय अन्धभक्त (कार्यकर्ता) हरूको वर्चश्व बनाउन खोज्दा राज्य कमजोर भयो। व्यवस्थामाथि आस्था कमजोर भयो। नेतामाथि विश्वास गुम्यो। राज्यका अंगहरू माथि भरोसा जनताको रहेन। सिंगो देशका अधिकतम् संरचनाहरू जनताकै विरूद्ध प्रयोग हुन थाले। बाँच्न वा परिवार पाल्न विदेशिनु पर्ने बाध्यता कायमै छ। आफ्नो प्यारो मातृभूमि, परिवारलाई छाडेर करिब ४० लाख युवाहरू विदेशिएका छन्। तिनले रगत पसिना बगाएर कमाएका पैसाबाट पठाएको रेमिटेन्सको प्रयोग नेता पाल्नमै गइरहेको छ। वडादेखि राष्ट्रपतिसम्म बनाइएको राजनीतिक संरचना,

> स्वतन्त्रताका नाममा राजनीतिक अराजकताको शिकार भइराख्नुपर्ने। व्यवस्था परिवर्तनको नाममा धन, धर्म र विश्वास गुमाउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य नहुने हो भने अब व्यवस्था मात्रै होइन नेताहरूसमेत संकटमा पर्न सक्छन्।

तलब, अन्य बजेट र राज्यको अन्य पक्षको संलग्नताले थपेको व्यभारबारे चर्चासमेत गरिन्न। देशमा गणतन्त्रको आडमा नेता पाल्ने र कर उठाउने एउटा प्रणालीको निरन्तरता मात्रै रहेको बुझिन्छ। जनतालाई थप कर, थप झन्झट, थप पीडा, थप सकस रहेको छ। जन्म, विवाह र मृत्युलगायतका विषयमासमेत कर तिर्नुपर्ने। आफ्नै देशभित्र एक ठाउँबाट अर्को ठाउँ बसोबास सर्दा कर तिर्नुपर्ने, बाँच्नका लागि चाहिने न्यूनतम्, अपरिहार्य आवश्यकताहरूमध्ये आवास, टेलिफोन, बिजुली, पानीलगायतका सुविधा पाउन राज्यसँग फरक खालका संघर्ष गर्नुपर्ने र सोवापत पनि कर तिर्नुपर्ने। जनतालाई विभिन्न शीर्षकमा कर थोपारेर नेता र उनका असेपासे मात्र पालिनुपर्ने अवस्था कायम रहेको छ। देश र जनतालाई दोहन गरी क्लेप्टोक्रेसी सञ्चालन गरी जनतालाई डेमोक्रेसीको भ्रम छर्ने नेताहरूलाई दण्डित नगरी वा डर निर्माण नगरून्जेल देशले सकारात्मक गति लिन सक्दैन। शिक्षा, स्वास्थ्य र न्याय किन्नुपर्ने। अनावश्यक र अराजक प्रवृतिका बीच बाँच्नुपर्ने। स्वतन्त्रताका नाममा राजनीतिक अराजकताको शिकार भइराख्नुपर्ने। व्यवस्था परिवर्तनको नाममा धन, धर्म र विश्वास गुमाउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य नहुने हो भने अब व्यवस्था मात्रै होइन नेताहरूसमेत संकटमा पर्न सक्छन्। दलभित्र वा जनतामाझ गरेका वाचा पूरा नगरेका कारण अलोकप्रिय हुँदै गएका नेतृत्व पंक्ति नेतृत्व हस्तान्तरणको पक्षमा नहुनु ती दलका निमित्त दुर्भाग्यका विषय हो।

# मधेशमा अर्को विद्रोहको तयारी !

**नितान्त व्यक्तिगत अवसरवादी अहंकारमा बाँधिएका नेताहरू मधेशले देखाएको अखण्ड एकताको शिक्षालाई हृदयंगम नगरी विनाश गर्न उब्जिएको अहंकारको बलमा मधेशमा आफ्नो वर्चस्व कायम गर्न हिंडेका पार्टीहरूको दशा के हुने भन्ने कुरा भविष्यले निर्धारण गर्नेछ।**



रामसुकुल मण्डल

वर्षौंदेखि विभेदमा रहेका मधेशी समुदायको पहिचान, सम्मान र समृद्धिका लागि सक्रिय रहँदै आएका युवा, वकिल, बुद्धिजीवी, सञ्चारकर्मी र सचेत नागरिक समाज आफ्नो दुर्दशाको कारक पत्ता लगाउन थालेका छन्। ठूला दललाई सत्तोसराप गरेर मत मागी पटक-पटक सिंहदरबार छिरेका मधेशी नेताहरूको कार्यशैली, योजना र परिणामहरूलाई नियालेर हेर्दा आफूहरू अप्रत्यक्ष शोषणमा परेको अनुभूति गर्दैछन्। हिजोसम्म पहाडी वा खस सत्ताका कारण शोषण, उत्पीडन, विभेद र दमन सहनुपरेकाहरू अब ती शासकका सिपाहीहरूबाट थप पीडित र अपमानित हुनुपरेको छ।

मधेशका अधिकारवादी आन्दोलनलाई यहाँसम्म ल्याइपुऱ्याउन अथक प्रयास गरेकाहरू आफ्नै समुदायका खसभक्तहरूबाट ठगिएका छन्। पैसा, जाति र खससेवाबाहेक केही हेर्न नचाहेका मधेशी नेताहरूको बेइमानी र समर्थनकै कारण नेपालको कार्यपालिका, न्यायपालिका र पत्रकारिता क्षेत्रमा मधेश र मधेशीले उचित स्थान पाउन सकेन। मधेश कित्ताबाट राजनीति गर्दै आएका नेताहरूले पैसाको चलखेल गरी पार्टी फुटाउने र ठूला दलको पाउँपुजा गरेर सत्ता प्राप्त गर्ने चरित्रबाट मधेश लाभान्वित हुन सकेन। मधेश मुद्दामा वर्षौंदेखि इमान्दार प्रयास गर्दै आएका विभिन्न क्षेत्रका बौद्धिक जनशक्ति आफ्नै नेतृत्वबाट थप विभेदमा परेपछि मधेशमा अपमानित भएर बस्नुभन्दा नेपालबाहिर गएर सम्मानपूर्ण जीवनयापन गर्न बाटो रोज्दैछन्।

वि.सं. २०६२ देखि आजसम्म सयौं आनदोलनकारी, बुद्धिजीवी र युवा-विद्यार्थीहरू मधेश र राजनीति कित्ताबाट पयालनै भइसकेका छन् भने हजारौं पलायनको प्रक्रियामा छन्। ठूला दलले मधेशलाई दमन गऱ्यो भनी नारा दिनेहरू जब आफ्नो हातमा मन्त्रालय पाए उनीहरूले थप दमन गरे। शिक्षा, स्वास्थ्य, कृषि, भौतिक योजना, सञ्चार, विज्ञान, कानून, गृहलगायतका महत्वपूर्ण मन्त्रालय पाउँदा पनि अवसर, योजना र बजेट गैरमधेशीहरूकै निमित्त प्रयोग गरे। मधेशका लागि राजनीति गर्नुको साटो मधेश मुद्दामाथि राजनीति गरे।

बौद्धिक तर बेइमान मधेशी नेताहरूको कार्यशैली र परिणामप्रति असन्तुष्ट सिंगो मधेश र मधेशका बौद्धिक जनशक्ति अब नयाँ पार्टी, नयाँ अनुहार र नयाँ शैलीको खोजीमा छन्। मधेशको भविष्य थप अन्धकार भएकोले मधेशबाट प्रतिभाहरू पलायन हुँदैछ। प्रतिभाविहीन मधेश र त्यसमाथिका मुद्दाका व्यापारिक नेताहरूलाई दूरगामी असर पर्नेछ। मधेशमा नेतृत्व लिन चाहेका नेपालीहरूले प्रतिभा पलायनका खतराबाट मधेशलाई समयमै जोगाउन सक्नुपर्छ।

चर्को र क्रान्तिकारी भाषण दिएर आकर्षक अवधारणासहितको दल खोली सत्तासीन भएका मधेशी मन्त्री र नेताहरूबाट गत १३ वर्ष मा थप विभेद र अन्यायको शिकार हुनु परेका आम मधेशीहरू आफ्नै नेतृत्वबाट ठगिएका छन्। जनमत आकर्षित गर्न मधेशमा चर्को भाषण, आश्वासन र उपहारको राजनीति प्रारम्भ भएको छ। भ्रष्टाचार गरी कमाएका अकूत सम्पत्तिमध्ये केही प्रतिशत बराबरको भौतिक सामग्री वितरण गरी लोकप्रियता प्राप्त गर्ने रणनीतिमा मधेशका केही नेताहरू लागिपरेका छन्। जनतालाई सोझा वा मुर्ख ठान्नेहरू मधेशमा सामान वितरण गरी जनाधार तयार गर्न सकिन्छ कि भन्ने सोचमा छन्।

मधेश कित्तामा राजनीति गर्ने नेताहरू कसले कसलाई र किन गाली गर्छन् ? काठमाडौंमा सहकार्य गर्ने र मधेशमा विरोधीझैं प्रस्तुत हुने, मधेशवादको नाममा सत्तारोहण गरी भ्रष्टाचार गर्ने र मधेशमा पुग्दा आफू पहाडीपीडित भएको गुनासो गर्ने प्रवृत्तिबाट आममधेशी जनता भिज्ञ भइसकेका छन्। मधेशको जल, जमिन र जंगलको संरक्षण दिन नसकेका मधेशवादी नेताहरू कसका लागि र किन मधेशमा सक्रिय छन् भनी सबैलाई थाहा छ। आ-आफ्नो पार्टीबाट मधेश कित्तामा राजनीति गर्न हामफालेका मधेशी मूलका नेताहरूको आगमनबाट हर्षित भएका आममधेशीहरू ती नेताका भित्री कुरा र चरित्र बुझिसक्दा दुःखित भएका छन्।

मधेशमा शिक्षा, कृषि, रोजगार, शान्ति, विकास र सम्मानको मुद्दालाई थाँती राखेर भ्रष्टाचार, जातिवाद र खसभक्ति गरेका अधिकांश मधेशी नेताका अनुहार उदाङ्गिएको छ। सरकारमा जान मोर्चाबन्दी गर्ने र जेल जानुपर्दा मोर्चालाई गाली गर्ने। आफू सरकारमा हुँदा कांग्रेस, एमाले र माओवादीभित्रका मान्छेलाई स्थान दिएर मधेशवादीहरूको मानमर्दन गर्ने र सरकारबाट बाहिर निस्केर चरम मधेशवादी बन्न खोज्ने दोहोरो चरित्रबाट मधेशवादको राजनीति फोहोर भएको छ। ठूला दलका सिपाहीहरूलाई ठूला दलमै फर्काइनु पर्छ। मधेशप्रति ममत्व र मधेशी जनताप्रति इमान्दार नरहेका सत्तास्वार्थी भ्रष्ट नेताहरूमाथि थप छानबिन गरेर मात्र कुनै अवधारणा बनाइनुपर्छ। विद्वान हुनु र इमान्दार हुनु बिल्कुलै फरक कुरा भएकोले मधेश कित्ताभित्र पनि विद्वान र इमान्दार नेता छुट्याइनु पर्छ।

मधेशका निमित्त राजनीति गर्ने र मधेश मुद्दामाथि राजनीति गर्नेहरूबीचको फरक छुट्टिनुपर्छ। भ्रष्टाचार र कुर्सीका निमित्त मधेशवादलाई आधार बनाएका धुर्त र अवसरवादी मधेशी अनुहारको पहिचान गरी समयमै सतर्क हुनु जरूरी छ।

मधेशमा अबको राजनीति मधेशवादी सोच भएका युवाहरूको हातमा गए वेश हुन्छ। व्यापारिक सोचका नटुवाहरूको नृत्य जतिसुकै आकर्षक देखिए पनि क्षणिक हुन्छ। आफ्नो नेता आफै चयन गर्न मधेश तयार हुनुपर्छ। कांग्रेस, एमाले र माओवादीबाट खेदिएका, पठाइएका र टिक्न नसकेका कथित मधेशवादी अनुहारबाट मधेशलाई जोगाउन सकिएन भने मधेशभित्र अर्को विद्रोहले नामांकन गर्नेछ।

अहिले राजनीतिक क्रिडास्थलको रूपमा मधेशको भूमि प्रयोग भइरहेको छ। चुनाव नजिकिँदै जाँदा विभिन्न बहानामा मधेश गएर तामझाम गर्दैछन्। कोही पार्टी प्रवेश अभियान चलाएका छन् भने कोही जागरण अभियान, कोही उपहार वितरण कार्यक्रम त कोही गुणाभागको अभियान। तर, मधेशी जनताले चाहेको एकताको अभियान कुनै नेता वा पार्टीले चलाएका छैनन्। जिल्ला प्रवेश पाएका मधेशवादी नेताहरूलाई पार्टी फुटाउनुको कारण प्रस्टाउँदा प्रस्टाउँदा धौ धौ परेको छ। उनीहरूलाई एकत्रित भएर आउन दबाब दिइदैँछ। तर, तिनीहरू काठमाडौंमा आएर आफू शक्तिशाली भएको वा आफ्नो पार्टीमा यति टाउकाहरू प्रवेश गरेको दाबी गर्दैछन्।

कोहीले जातीय सम्मीकरण बनाउनका लागि आन्तरिक गृहकार्य गर्दैछन् भने कोही आफ्नै जातका नेताहरूलाई थुपार्दै छन्। आगामी निर्वाचनमा मधेशमा प्रस्ट रूपमा जातीय राजनीति सतहमा आउने सम्भावना छ। कथित मधेशवादी नेताहरू मधेशको आर्थिक, सामाजिक, शैक्षिक र स्वायत्तताको मुद्दाभन्दा पनि जातीय मुद्दामा फँसेको देखिन्छ। नेताहरू एकबाट अर्को पार्टीमा जाने आउने क्रम मधेशी पार्टीमा चले पनि निर्वाचनको तयारी अथवा निर्वाचनलाई पार्टीको फाईदामुखी बनाउनुभन्दा मधेशको फाईदामुखी बनाउनमा कदम चालिएको छैन। मधेशी दलका नेताहरू पार्टीको फाईदामुखी क्रियाकलापमा सक्रिय भएपछि मधेशको राजनीति अस्पस्ट देखिएको छ। यिनै विषयहरूमा अल्झिएर मधेशी दलहरू ठोस नीति अख्तियार गर्न सकेका छैनन्। अहिलेको मधेशी भनाउँदा दल र दलका नेताहरूको रबैयाको आधार मान्ने हो भने आगामी चुनावमा मधेशी दलहरूको उपस्थिति सांकेतिक हुने प्रायः निश्चित छ।

वैचारिक मतभिन्नताका कारण मधेशलाई शदियौंदेखि राज्यको दोहन, शोषण भोग्नु पऱ्यो। भेदभाव, उत्पीडनको असीमित पीडा भोग्दै विभिन्न कालखण्डको अनुभवले मधेशलाई आफ्नै राजनीतिक धरातल तयार पार्न विवश गऱ्यो। आफ्नै देशमा मधेशी अधिकार र पहिचानबाट बञ्चित रही शदियौं उत्पीडन झेल्दै देशमा आएका विभिन्न दर्शनका राजनीतिक प्रणालीले पनि उसको समस्यालाई यथावत् राख्ने प्रयासमा विदेशी नागरिक सरहको हैसियतमा बस्नु पऱ्यो। राज्यको नजरमा मधेशी विजित क्षेत्रको विदेशी नागरिक हो भन्ने परम्परागत मान्यतालाई हरेक राजनीतिक परिवर्तनले संकीर्णताको घेरा तोड्न सकेन र परम्परागत मान्यतालाई निरन्तरता दिने काम गऱ्यो। यही भेदभावको अपरिवर्तनशील मान्यताले मधेशी राष्ट्रिय राजनीतिको मूलधारबाट बञ्चित रह्यो। मधेशीहरू मन्त्री हुँदैमा मधेश अधिकार सम्पन्न नहुने यथार्थलाई प्रत्येक गैरमधेशी पार्टीका प्रतिनिधि राजकीय सुविधामा पुगेका मधेशी नेताहरू बुझे। मधेशी राष्ट्रिय मूलधारमा आफूलाई उपस्थित गराउन अनेक भागीरथ प्रयास गरेपनि मधेश असफल नै रह्यो। परम्परागत रूपमा मधेशमाथि लादिएको राज्यको दोहन र शोषण, हरेक कालखण्डमा समान निरन्तरता पाएको कारणलाई मधेशले सूक्ष्म रूपले अध्ययन गऱ्यो। मधेशप्रति सबै राजनीतिक दलहरूको सोच एउटै रहेको यथार्थ बुझेपछि मधेशले आफ्नो अधिकारका लागि विद्रोह गऱ्यो। मधेशको यो आन्दोलनले विभिन्न पार्टीमा लामो समयदेखि राजनीतिक अभ्यास गरिरहेका मधेशी नेताहरूलाई आफ्नो धरातलमा आउन बाध्य गरिदियो। फलतः मधेशको अखण्ड एकताकै आधारमा आन्दोलन परिणाममुखी बन्यो।

मधेशका वीर सपूतहरूले अधिकारका लागि शहादत दिँदै उठाएको आन्दोलनले मधेशको नेतृत्व गर्ने राजनीतिक दलहरूलाई केही दायित्व सुम्पेको थियो, जसलाई द्रव्य मोहमा परेर पार्टीहरू बिर्सिसकेका छन्। नितान्त व्यक्तिगत अवसरवादी अहंकारमा बाँधिएका नेताहरू आफ्नो अनुहारै नहेरि विश्वमोहिनीलाई जित्ने दुस्साहसमा लीन देखिन्छन्। मधेशले देखाएको अखण्ड एकताको शिक्षालाई हृदयंगम नगरि विनाश गर्न उब्जिएको अहंकारको बलमा मधेशमा आफ्नो वर्चस्व कायम गर्न हिंडेका पार्टीहरूको दशा के हुने भन्ने कुरा बताइरहनु पर्दैन। राष्ट्रिय राजनीतिकै चिन्तन स्तर तल रहेको अवस्थामा मधेशको नेतृत्व गर्ने दलहरूको चिन्तनको स्तर अझ तल हुनु स्वाभाविकै हो।

मधेशका लागि ज्यान दिने वीर सपूतहरू जस्तो मधेशका राजनीतिक दलहरूमा त्याग र बलिदानको किञ्चित मात्रा पनि देखिदैन। मधेशका मुद्दालाई सबैले आफ्नो स्वार्थपूर्त्तिको माध्यम बनाएका छन्। तसर्थ, मधेशमा अहिले एक खालको राजनीतिक शून्यताको अवस्था देखिएको छ। निष्ठा र सैद्धान्तिक राजनीति गर्नेहरू दलहरूबाट टाढा देखिएपनि वैकल्पिक शक्तिको आधार बनाइरहेको देखिन्छन्। तसर्थ, शून्यताले फेरि अर्को विद्रोहको तयारी गरिरहेको हो कि भन्ने भान हुन्छ।

# प्रदेश २ मा प्राविधिक र कृषि विश्वविद्यालयसम्बन्धी अध्यादेश जारी

जनकपुरधाम। प्रदेश नं. २ का प्रदेश प्रमुख हरिशंकर मिश्रले दुई वटा अध्यादेश जारी गरेका छन्। प्रदेश २ को मन्त्रिपरिषदको सिफारिसमा प्रदेश प्रमुख मिश्रले प्रदेश प्राविधिक विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र प्रदेश कृषि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गरेको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ।



राजविराजमा कृषि विश्व विद्यालय र वीरगंजमा प्राविधिक विश्व विद्यालय स्थापना गर्ने प्रक्रिया अगाडि बढाउन प्रदेश सरकारले ९ कात्तिकमा अध्यादेश सिफारिस गरेको थियो। कृषि तथा प्राविधिक क्षेत्रका उच्चस्तरीय जनशक्ति उत्पादन तथा कृषि र प्राविधिक सम्बन्धी अध्ययन अनुसन्धानलाई समय सापेक्ष, व्यापक, व्यवहारिक र स्तरीय बनाउन प्रदेश स्तरीय कृषि तथा प्राविधिक विश्वविद्यालय स्थापना आवश्यक देखिएको अध्यादेशमा उल्लेख गरिएको छ।

# विभेद र उत्पीडन अन्त्य भएपछि मात्रै समृद्धिको यात्रा सुरू हुन्छ



महेन्द्र राय यादव
कृषि तथा पशुपंक्षी विकासमन्त्री
एवं केन्द्रीय कार्यकारिणी समिति सदस्य, जसपा नेपाल

**० सत्तारूढ गठबन्धन दलहरूले उच्चस्तरीय राजनीतिक समन्वय समिति किन बनायो ?**

– पाँच दलीय गठबन्धनको सरकार एक विशेष परिस्थितिमा निर्माण भएको छ। यसले आफ्नो साझा न्यूनतम् कार्यक्रम सार्वजनिकसमेत गरेको छ। ती साझा न्यूनतम् कार्यक्रमलाई कार्यान्वयन गर्ने बाटोमा छ। यो देशमा अग्रगमन, संविधान कार्यान्वयन, सुव्यवस्थाका लागि सरकार अगाडि बढिरहेको छ। कोभिड-१९ महामारीबाट आमनागरिकलाई बचाउने सरकारको प्रतिबद्धता छ, विभिन्न प्राकृतिक विपतिबाट पीडित जनताहरूलाई राहत उपलब्ध गराउने छ। त्यस्तै, यो गठबन्धनले मुलुकमा राजनीतिक स्थिरता, लोकतन्त्रको रक्षा गर्न र आउने चुनौतीहरूको सामना गर्नका लागि केन्द्रमा एउटा उच्चस्तरीय समिति निर्माण गरिएको छ। यस्तै समिति प्रदेशस्तरसम्म निर्माण हुन्छ। यो गठबन्धन सरकारको विभिन्न दीर्घकालीन नीतिहरू छन्, त्यसलाई हामीले विस्तारै कार्यान्वयन गर्दै जाने हो। मूलतः प्राप्त उपलब्धिको रक्षा, संस्थागतका साथै हामीले प्राप्त गर्न बाँकी रहेका मुद्दाहरूका लागि दृढ छ। नागरिकता समस्या समाधान, आन्दोलनकारीमाथि लगाइएको झुठा मुद्दा फिर्ता, सांसद रेशमलाल चौधरी लगायत राजबन्दीहरूको रिहाइ लगायत हाम्रो प्राथमिकतामा छन्। आगामी निर्वाचनमा चुनावी तालमेलको वातावरण बनाउन अहिले उच्चस्तरीय राजनीतिक समिति निर्माण भएको छ। देशमा विद्यमान असहज परिस्थितिलाई सहज परिस्थिति बनाउने जुन निर्णय भएको छ त्यसलाई कार्यान्वयन गर्दै जाने र साझा न्यूनतम् कार्यक्रमलाई पनि कार्यान्वयन गर्दै जाने हो। थप चुनौतीहरूलाई सामना गर्नका लागि यो गठबन्धनको अहिले आवश्यकता छ। प्रतिगमन धारहरू जसले संविधानलाई समाप्त गर्न खोजे, जसले संसद र लोकतन्त्रलाई समाप्त गर्न खोजे ती शक्तिहरूलाई कसरी सामना गर्न सकिन्छ भन्नेमा हाम्रो जोड हो। मुलुकको राजनीतिक स्थिरता, शान्ति, सुशासनका लागि संसदमा रहेका कानूनहरूलाई प्रक्रियागतरूपमा अगाडि बढाउने हाम्रो प्राथमिकता हो। अहिले मुलुकमा सबभन्दा ठूलो समस्या नागरिकताको छ। लाखौं मानिसहरू नागरिकताविही छन्, आफ्नै देशमा गैरनागरिकको हिसावले बसिरहेको एकदम दुःखद् अवस्था छ। यी सबै सवालहरूलाई हामी सम्बोधन गर्दै जाने।

**० पाँच दलीय गठबन्धनको आफ्नो एउटा रोडम्याप छ, साझा न्यूनतम् कार्यक्रम छ, फेरि यो राजनीतिक समिति किन चाहियो ?**

– यो गठबन्धन मुलुकमा दीर्घकालीन राजनीतिक स्थिरता चाहेको छ। देशमा विधिको शासन कार्यान्वयनका लागि यो गठबन्धनले उच्चस्तरीय राजनीतिक संयन्त्र बनाएको हो। यो मुलुकमा बहुमतको सत्ता हुँदा पनि चलाउन सकेन, असफल भयो, राष्ट्र नै असफलतातिर जाँदै थियो, आर्थिक अवस्था एकदम लथालिङ्ग अवस्थामा थियो। देशलाई सही बाटोमा ल्याउनका लागि यो गठबन्धनको निर्माण भयो। देशको मूलभूत समस्याहरू समाधान गर्दै जाने, निर्वाचनको प्रक्रिया अगाडि बढाउँदै समयमा नै निर्वाचन गराउने सरकारको प्रतिबद्धता छ। यी सबै विषयहरूलाई लिएर पाँच दलीय गठबन्धन चुनावमा सहभागी हुनेछ। यो रणनीतिक हिसावले गठबन्धन बनेको छ।

**० यो सरकारको साझा न्यूनतम् कार्यक्रम कार्यान्वयनका लागि संसद सहज तरिकाले सञ्चालन हुनुपर्ने हो। तर संसदमा अवरोध देखिएको छ नि ?**

– संसद सञ्चालनका लागि प्रतिपक्षी दल पनि जिम्मेवार छ। समस्या समाधानका लागि सर्वदलीय बैठक बोलाउँदा प्रतिपक्षी दल नआउने, विधिको शासन र लोकतन्त्र रक्षाका लागि यो सरकार प्रतिबद्ध छ। यो सरकारले फेरि प्रयासरत् छ, वार्ताको माध्यमबाट समस्या समाधान गर्ने र संसद सुचारू गर्ने हाम्रो प्रयास रहेको छ।

**० तर प्रमुख प्रतिपक्षीले त सभामुखको राजीनामा मागिरहेको छ, कसरी संसद सुचारू हुन्छ ?**

– सभामुखले किन राजीनामा दिनुपर्‍यो ? त्यसको आवश्यकता र औचित्य पुष्टि हुनुपर्छ। सभामुखको राजीनामा त विधि र प्रक्रियाबाट आउनुपर्ने हो। त्यतिकै प्रतिपक्षीले संसद अवरोध गरिरहन मिल्दैन।

**० प्रतिपक्षीको अवरोधका बीच पनि संसद चलाउनुहुन्छ ?**

– केही मूलभूत कुरामा सहमत हुनैपर्छ। राष्ट्रलाई नै अनिर्णयको बन्दी बनाइराख्न हुँदैन। यो सरकारले नचाहँदा नचाहँदै अध्यादेश ल्याउनुपरेको छ। राष्ट्र र जनताप्रति प्रतिपक्षी दल पनि जिम्मेवार हुनुपर्ने हो, तर त्यो देखिएन। कानूनहरू बनाउनका लागि सहज संसद सञ्चालनको एउटा वातावरण हुनुपर्छ। हाम्रो साझा न्यूनतम् कार्यक्रमअनुसार संविधान संशोधनका लागि राष्ट्रिय सहमति बनाउने, नागरिकताको विषयमा पनि सहमतिको वातावरण बनाउनुपर्ने, यी कुराहरू जनताका मूलभूत समस्याहरू हुन्। संसद अवरूद्ध गरिरह्‍यो भने लोकतन्त्र कमजोर हुन्छ, संविधान कार्यान्वयन हुँदैन। यदि प्रतिपक्षी पनि लोकतन्त्रप्रति जिम्मेवार हो भने संसदको अवरोध अन्त्य गर्नुपर्छ।

**० तर संसद सञ्चालनका लागि प्रतिपक्षीलाई कसरी सहमतिमा ल्याउने ?**

– हामीलाई विश्वास छ कि प्रतिपक्षी पनि सम्वादको माध्यमबाट संसदको अवरोध हटाउन सहमत हुन्छ।

**० जसपाले संविधान संशोधनको माग गर्दै आएको थियो, अहिले गठबन्धनभित्र यस विषयमा कतिको छलफल हुन्छ ?**

– संसद चलेपछि मात्रै संविधान संशोधनका लागि छलफल हुने हो। यो कुरा त हाम्रो साझा न्यूनतम् कार्यक्रममै छ। हामीले उठाएका धेरै कुराहरू कार्यान्वयन भइरहेका छन्। तर संसदबाट हुने कामका लागि संसद त चल्नुपर्‍यो। संविधान संशोधन गर्ने भनेर गठबन्धनभित्र सहमति नै भएको छ। विगतमा एमालेकै कारणले संविधान संशोधन सफल हुन सकेन। संविधान संशोधनका लागि विगतमा कांग्रेस, माओवादी केन्द्र र हामीले त मत हालेकै हौं। तर एमालेका कारण त्यतिबेला संसदमा मतदान भएन। हाम्रो मुद्दा ठिक छ, संविधान संशोधन गर्नुपर्छ भनेर सबैले भन्ने गरेका छन्। विगतको सरकारलाई पनि हामीले संविधान संशोधन, सांसद रेशम चौधरी लगायत राजबन्दीहरूको रिहाइको शर्तमा मत हालेकै थियौं। त्यतिबेला एमालेले संविधान संशोधन र मधेशका मुद्दाहरूलाई सम्बोधन गर्छ भनेर विश्वासको मत दिएका थियौं। अहिले पनि हाम्रो प्रयास रहन्छ कि संविधान संशोधन गरी सर्वस्वीकार्य होस्, मुलुक र राष्ट्रको हितमा संविधानले काम गरोस्, सबै अपनत्व बढोस्, सबै प्रकारका उत्पीडन र विभेदको अन्त्य होस्। जब यो देशबाट विभेद र उत्पीडन अन्त्य हुन्छ अनि समृद्धिको यात्रा सुरू हुन्छ।

**० यो गठबन्धन कहिलेसम्मका लागि हो ?**

– मुलुकलाई निकास दिन, शान्ति स्थापना गर्न र संविधान कार्यान्वयनका लागि लामो यात्रा रहेको छ यो गठबन्धनको। नेपालको समृद्धि र विकासका लागि नयाँ तरिकाले यो गठबन्धन अगाडि बढिरहेको छ।

**० भनेपछि आगामी चुनावमा गठबन्धनले साझा उम्मेद्‌वारहरू खडा गर्छ ?**

– आगामी चुनावसम्मकै यात्राका लागि यो गठबन्धन निर्माण भएको हो। त्यसका लागि उच्चस्तरीय राजनीतिक समन्वय समिति पनि निर्माण भएको छ। एउटा सहमति र सहकार्यको वातावरण बन्छ। त्यसपछि हामी चुनावमा जाने नै हो। गठबन्धनको उद्देश्य नै सहमतिको आधारमा चुनाव पनि गराउने र संविधान कार्यान्वयन गराउँदै जाने। यो गठबन्धन लामो यात्राका लागि बनेको हो।

**० गत चुनावमा जसरी मधेशी गठबन्धन बनाइएको थियो, त्यसरी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)सँग सहकार्य हुँदैन ?**

– लोसपा भन्ने पार्टी नै छैन।

**० निर्वाचन आयोगमा दर्ता भएको मान्यता प्राप्त दल हो लोसपा, तपाईं कसरी भन्नुहुन्छ कि लोसपा भन्ने पार्टी नै छैन ?**

– निर्वाचनमा त विशेष कालमा दर्ता भएको हो। जनता समाजवादी पार्टीबाट केही मान्छेहरू गए र उनीहरूले पार्टी दर्ता गराए। लोसपाको कुनै औचित्य र आवश्यकता छैन। किनभने संविधानलाई ध्वस्त गराउने, संसद विघटन गराउने काममा जसपाका त्यतिबेला ३२ जनाको नामावली बुझाइएको थियो त्यसको कुनै औचित्य थिएन, अनुचित थियो। त्यसैको आधारमा दोस्रोपटक संसद विघटन भएको थियो। जसले संसद विघटन गराउन हस्ताक्षर गरे, एमालेभन्दा पनि तिनीहरू नै बढी जिम्मेवार छन्। मधेश आन्दोलनका शहीदहरूको सपनामाथि उहाँहरूले कुठाराघात गर्नुभयो। उहाँहरू प्रतिगमनको कित्तामा जानुभो, प्रतिगमनकारी कदम उठाउनुभो। हामीले संविधानको रक्षाका लागि सडकदेखि सर्वोच्च अदालतसम्म पुग्यौं र अदालतले पुनर्स्थापना गर्‍यो। संसद विघटन गर्नु भनेको ठूलो अपराध हो नि त। त्यसकारणले अब यिनीहरूको के आवश्यकता र औचित्य रहन्छ। मधेशमा अब जनताले यिनीहरूलाई विश्वास गर्दैन।

**० तपाईंहरूको नजरमा लोसपा केही पनि होइन ?**

– हाहाहा...। विधि प्रक्रिया पुर्‍याएर यदि कसैले पार्टी बनाइहाले भने मुद्दा र एजेण्डा पनि हुनुपर्‍यो नि। उहाँहरूसँग मुद्दा नै छैन। जसले संसदलाई ध्वस्त पारिसके, संविधानलाई त्यागने काम गरे, त्यस्ता व्यक्तिहरू १८ दिनको मन्त्री बन्नका लागि प्रतिगामीलाई साथ दिनुभएको थियो। अब उहाँहरूको मुद्दा र राजनीति गर्ने आधार नै सकिसक्यो। कसरी मधेशका जनताले उहाँहरूमाथि विश्वास गर्छ ?

**० भविष्यमा लोसपासँग सहकार्य गर्ने सम्भावना त होला नि ?**

– लोसपासँग सहकार्य गर्ने कल्पना पनि गर्न सकिँदैन। सम्भावनाको त कुरै छैन। जसले लोकतन्त्रविरूद्ध कदम चाल्ने, सांसद पदको अधिकारलाई दुरूपयोग गर्नेसँग सहकार्यको कुनै सम्भावना छैन। त्यतिबेलै पनि हामीले हस्ताक्षर गरेर दिएका थियौं कि देउवाको नेतृत्वमा सरकार बनोस्, लोकतन्त्रको रक्षा गरौं तर उहाँहरू प्रतिगमनकारीसँग जानुभयो। भनेपछि त्यस्ताहरूसँगा के आधारमा सहकार्य गर्ने ?

**० मधेशका मागहरू देउवा सरकारले पूरा गर्छ भन्नेमा विश्वस्त हुनुहुन्छ ?**

– संसद सुचारू भयो भने हामीले उठाएका मागहरू अवश्य नै पूरा हुँदै जान्छ। हामीले उठाएको लाल आयोगको प्रतिवेदन सार्वजनिकलगायतका सबै मुद्दाहरू पूरा गराउँदै जाने गठबन्धनबीच एकमत छ।

**० एमसीसी प्रकरणले यो गठबन्धन नै भत्किने अवस्था आइसकेको छ नि ?**

– राष्ट्रहितमा हुन्छ भने एमसीसीलाई सहमतिको आधारमा छलफल र विचार गर्छौं। अब एमसीसीबारे कुन दलको के धारणा छ भन्ने कुरा मुख्य होइन, यसबारे साझा सहमति बन्नुपर्छ। अहिले त मुख्यरूपमा राष्ट्रमा विद्यमान रहेको चुनौती र संकटहरूको सामना गर्नु हो। एमसीसीबारे गठबन्धनमा एउटा सहमति बन्छ भने हाम्रो पार्टीले पनि छलफल गरेर एउटा निर्णय गर्छ।

**० वर्तमान अवस्थामा एमसीसीबारे जसपाको धारणा के छ ?**

– अहिले हाम्रो कुनै धारणा छैन। देश र जनताको हितमा भयो भने हाम्रो पार्टीले छलफल गरेर धारणा सार्वजनिक छ।

**० भनेपछि अहिलेसम्म तपाईंहरूले एमसीसी सम्झौतालाई अध्ययन गर्नुभएको छैन ?**

– अध्ययन त भई नै रहेको छ। नेपाली जनताले यत्रो बुझिसकेका छन्, नेपाली जनता सडकमा आएका छन्, सडकका आवाजहरूलाई पनि कसरी सम्बोधन गर्ने भन्ने कुरालाई पनि हामीले हेरिरहेका छौं।

**० यो सरकारले गरिरहेको नियुक्तिहरू समावेशी भइरहेको छैन नि ?**

– अहिलेसम्म भएका नियुक्तिहरूमा आफ्नो क्षेत्राधिकारभित्र रहेर सहमतिको आधारमा भइरहेका छन्। अहिले धेरै नियुक्तिहरू बाँकी नै छ। अब हुने नियुक्तिहरूमा सबै समुदाय र वर्गलाई समेटेर गरिन्छ। जुन पार्टीको जस्तो अवस्था छ, त्यो हिसावले गरिन्छ।

**० तपाईंले सम्हाल्नुभएको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा प्राथमिकता के-के राख्नुभएको छ ?**

– अहिले जुन बजेट आएको छ, हाम्रो मन्त्रालयको जिम्मेवारीमा रहेका कार्यक्रमहरूलाई कार्यान्वयन गर्दै जाने, धेरै ठाउँमा कार्यान्वयन पनि भइरहेका छन्। संघीयता आइसकेपछि संघीय र प्रदेशहरूको पनि आआफ्नै अधिकारहरू छन्। धेरै कुराहरूमा स्थानीय तहमा अनुदान जान्छ। त्यसकारणले हामी लड्दै आएको अधिकारको लागि अधिकतम् मैले यो मन्त्रालयबाट जनताका लागि काम गर्ने। अहिले हाम्रो प्राथमिकता भनेको यो देश कृषिप्रधान देश हो, यो देशको अर्थतन्त्र नै कृषि हो। कृषि पेशालाई आत्मनिर्भर बनाउनुपर्छ, औद्योगिकरण गर्नुपर्दछ। सरकारले भण्डारणको व्यवस्थापन गर्नुपर्छ, किसानसँग सहमति गरेर मूल्यको निर्धारण गर्नुपर्दछ। कृषकलाई समयमै मलखाद्य, बीउबीजन, उचित मूल्यको व्यवस्था, सिंचाइको व्यवस्थाका लागि कृषिमा यथेष्ट बजेटको आवश्यकता छ। कृषिका नीतिगत सवालहरूलाई यो सानो अवधिमा पूरा गर्ने प्रयास गर्छौं। यो कम समयको सरकार हो, चुनावी सरकार पनि हो। त्यसैले यो सरकारले भ्याएसम्म प्राथमिकताको आधारमा कामहरू गर्दै जानेछ। किसानलाई समयमै मलखाद्य उपलब्ध गराउने हाम्रो प्रयास भइरहेको छ। मलखाद्यको अहिले जुन प्रकारको अन्तर्राष्ट्रिय अवस्था छ, मूल्य वृद्धि भइरहेको छ, त्यसकारणले हामी चाहन्छौं कि सरकार टु सकार कुरा गर्ने। यी सबै कुराहरू हाम्रो प्राथमिकतामा रहेको छ। यी प्राथमिकताहरूलाई सरकारले अगाडि बढाउने प्रयास भइरहेको छ। अहिले साढे पाँच अर्बको राहत वितरण गर्ने निर्णय भएको छ, यसलाई चाँडै अब किसानलाई बैंकको मार्फत् उपलब्ध गराउँछौं।

**० तपाईंको कार्यकालमा खासगरी कृषिक्षेत्रमा एउटा उदाहरणीय काम हुन्छ भन्ने आशा गर्न सकिन्छ ?**

– अहिले स्वाभाविकरूपमा जुन कृषि नीति छ, त्यहीं नीतिको माध्यमबाट आफ्नो बजेटको स्रोतसाधनलाई उपयोग गर्दै यथासम्भव किसानहरूलाई पाउने अनुदानका रकम, सुविधाहरू किसानकै घरमा जाओस्, यो हाम्रो प्रयास छ। अहिले ७० प्रतिशत जनजीवन कृषि पेशामा आधारित छन्, त्यसैका सदस्यहरू विदेश श्रम गरिरहेका छन्। जसले गर्दा देशमा रेमिट्यान्स पनि आउँछ। भनेपछि यो देशकै अर्थतन्त्र कृषिमा आधारित छ। कृषिको उन्नति, प्रगति र समृद्धिले मात्रै मुलुक अगाडि बढ्न सक्छ। किसान सम्पन्न र आत्मनिर्भर भइदियो भने देश आफै समृद्धि भइहाल्छ। अहिले हाम्रो देशमा आयात भइरहेका छ, हामी कहिले आत्मनिर्भर हुने र आफ्नै देशका उत्पादन वस्तुहरूलाई आफै आत्मनिर्भर बनाउने हाम्रो प्राथमिकतामा छ। अहिलेसम्म हाम्रो देश अण्डा, कुखुरामा आत्मनिर्भर भइसकेको छ। यस्तै, माछामा पनि करिब-करिब आत्मनिर्भर हुँदैछ। केही दिनमा तरकारी र सागसब्जीमा पनि हाम्रो देशलाई आत्मर्भिर बनाउने सरकारको सोच छ। सरकारले अहिले धेरै सबसिडरी दिइरहेको छ। अर्को कुरा सामूहिक खेतीको प्रणालीमा विकास गर्नुपर्ने आवश्यकता छ। किसानहरूले सहकारीको माध्यमबाट सामूहिक खेती गर्न सक्यो भने उत्पादन बढ्न सक्छ। माटोको परीक्षण गर्न सकिन्छ। सरकारले त्यस्तो बजारको व्यवस्था गर्न सक्नुपर्दछ। किसानलाई बाली बीमाको आवश्यकता छ। स्थानीय निकायहरूले बाली बीमा गराउनुपर्छ। किनकि धेरै रकमहरू कृषि मन्त्रालयबाट स्थानीय तहमा गएको हुन्छ। केही दिन पहिला बेमौसमी वर्षाले खर्बौंको धानबाली नष्ट भयो। बाली बीमा भइदिएको भए किसानले केही राहत पाउने थियो। सबैसँग अन्तरसम्वादको माध्यमबाट हामीले कृषिका समस्या समाधान गर्दै जानेछौं।

# ‘मेरो गणना मेरो सहभागिता’लाई सार्थक बनाउन मुख्यमन्त्रीको आग्रह

प्रदेशवासी सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरू ।

नेपालमा अहिले १२ औं राष्ट्रिय जनगणना सञ्चालन भइरहेको छ । जनगणना तथ्यांक संकलनको पहिलो चरण अन्तर्गत भदौ गते देखि असोज १८ गते सम्म तपाई हाम्रो घरदैलोमा आई घर तथा घरपरिवार सूचिकरण कार्य सम्पन्न गरेको हामी सबैलाई जानकारी नै छ । यसैगरी कात्तिक २५ गते देखि मंसिर ९ गतेसम्म गणकहरू पारिवारिक र व्यक्तिगत विवरण लिन घरघरमा आउदै हुनुहुन्छ । जनगणनामा गणकले सोधेका प्रश्नको सही उत्तर दिउ । तपाईले टिपाएका तथ्यांक गोप्य रहन्छन् । यस्ता विवरण गोप्य नराख्ने वा गोपनीयता भंग गर्ने जो कोहीलाई कानुन बमोजिम कारबाही हुन्छ । त्यसैले आफूले टिपाएको विवरणको गोपनियता नरहने हो कि भनेर कसैले द्विविधा लिनु पर्दैन । राज्यको पुनर्संरचनापछि अर्थात देशले संघीय शासन प्रणाली अंगाले पछिको यो पहिलो जनगणना हो । त्यस कारण पनि यस पटकको जनगणनाको खास महत्व छ । अझ प्रदेश भनेको संघियताले जन्माएको नयाँ प्रणाली हो । प्रदेशमा आधारित



भएर हालसम्म यति ठूलो कुनै पनि अध्ययन अनुसन्धान भएको छैन । २०७२ सालमा संविधान जारी भए संगै प्रदेशहरूको स्थापना भए पनि हाम्रो आनै तथ्यांक थिएन । २०६८ सालमा राज्यको पुरानो संरचना अन्तरगत गरिएको जनगणनाका तथ्यांकलाई नै हामीले उपयोग गरेर यहाँ सम्म आइपुगेका छौ । तर यसपाली जनगणनाले नेपालमा पहिलो पटक प्रादेशिक मोडलमा आधारित जनसंख्या तथ्यांक उपलब्ध गराउनेछ जुन खुशीको कुरा हो। हाम्रो प्रदेशको जनसंख्या कति छ ? कुन कुन जातजातिका मानिहरूको बसोबास छ ? कुन धर्म र संस्कृतिका मानिसहरू कति छन ? कुन भाषा बोल्ने मानिसहरूको बाहुल्यता छ ? सामाजिक बहिष्करणमा परेका समुहहरू दलित, जनजाती, अल्पसंख्यक, लोपोन्मुख, महिला, अपांगता भएका व्यक्ति आदिको जनसंख्याको अवस्था के छ भन्ने कुरा जनगणनाले छर्लङ्ग पार्दछ । जनगणनाबाट आउने यही तथ्यांकलाई आधार बनाएर सम्बन्धित जाती, धार्मिक समुदाय, महिला वा अपांगता भएका व्यक्तिका लागि प्रदेश सरकारले नीति र कार्यक्रम बनाउदछ । त्यसैले आफूले टिपाएको सही तथ्यांकले आफनै लागि प्रदेश सरकारलाई योजना बनाउन सजिलो हुनेछ भन्ने कुरा सबैले बुझ्नु पर्दछ ।

यस पटकको जनगणनामा रोजगार, बेरोजगार, बैंक तथा वित्तीय संस्थामा पहुँचको अवस्था, सरकारी अनुदान प्राप्त गरेको नगरेको, वडा तहसम्म सामुदायिक भवनहरूको अवस्था के कस्तो छ जस्ता मसिना तर नागरिकका लागि अति महत्वपूर्ण विषयका प्रश्नावली पनि समेटिएको छ। त्यसैले जनगणना लिन आउने सुपरीवेक्षक वा गणकहरूलाई सही विवरण टिपाउँ । आफ्ना घरमा तथ्यांक संकलन गर्न आउने गणकलाई आत्मीय व्यवहार गरौं । उहाँहरूले सोधेका सबै प्रश्नहरू धैर्यता पूर्वक सुनेर सही जबाफ दिन प्रदेश सरकार सम्पूर्ण प्रदेशवासी दाजुभाइ दिदी बहिनीहरूलाई हार्दिक अनुरोध गर्दछ । केन्द्रीय तथ्यांक विभागले यस जनगणनाको नारा ’मेरो गणना मेरो सहभागिता राखेको छ । यो नारालाई सार्थक बनाउन सम्पूर्ण प्रदेशबासी दाजुभाइ दिदी बहिनीहरूले जनगणनालाई अपनत्व लिएर गणकलाई सही विवरण टिपाएर सहयोग गर्नु हुन प्रदेश सरकार पुनः सम्पूर्ण प्रदेशवासीलाई हार्दिक अनुरोध गर्दछु ।

# सीमाको अपराध नियन्त्रण गर्न सुरक्षा निकायहरूलाई निर्देशन

जनकपुरधाम । गृहमन्त्री बालकृष्ण खाणको प्रमुख आतिथ्यमा सोमबार आयोजित कार्यक्रमबीच २ नम्बर प्रदेशस्तरीय सुरक्षा गोष्ठी धनुषाको जनकपुरधाममा सम्पन्न भएको छ ।

नेपाल सरकार गृह मन्त्रालय र २ नम्बर प्रदेश आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयद्वारा संयुक्त रूपमा उक्त गोष्ठी आयोजना गरिएको हो ।

उक्त अवसरमा गृहमन्त्री खाणले कोभिड-१९ को संक्रमण नियन्त्रणका लागि जोखिमको प्रर्वाह नगरि सुरक्षा निकायले गरेको कामको प्रशंसा गर्दै अपराध नियन्त्रण तथा अनुसन्धान लगायत सुरक्षा सम्बन्धि सबै काम उत्कृष्ट रहेको बताए ।

नागरिकलाई सेवा प्रदान गरी राहत दिन सुरक्षा निकाय सक्रिय रहेको उल्लेख गर्दै सीमामा हुने विभिन्न अपराध तथा



अवाञ्छित क्रियाकलाप नियन्त्रण गर्न संवेदनशील हुन सुरक्षा निकायहरूलाई उनले निर्देशन दिए ।

गोष्ठीमा प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले नागरिक केन्द्रित प्रहरी सेवा प्रदान गरी सुरक्षा निकायले सराहनीय काम गरेको उल्लेख गर्दै सुरक्षा निकायलाई आवश्यक सहयोग गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको बताए ।

प्रदेश नं. २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत प्रसाद साहको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीमा आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्री रूबी कुमारी कर्ण, गृहसचिव टेकनारायण पाण्डे र २ नम्बर प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव हरि प्रसाद मैनालीले आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए ।

सो अवसरमा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले आफ्नो प्रस्तुतीकरण गर्दै समग्र नेपाल प्रहरी र २ नम्बर प्रदेश प्रहरी कार्यालय अन्तर्गत अपराध अनुसन्धान तथा रोकथाम, अपराधको समग्र तथ्याङ्क विश्लेषण, शान्ति सुरक्षाको अवस्था, मुख्य सुरक्षा चुनौती तथा समस्या र जनलक्षित सचेतनामूलक कार्यक्रम एवं त्यसको प्रभावकारिताको बारेमा जानकारी दिए । प्रहरी संगठन र प्रहरी सेवालाई थप राम्रो बनाई संगठनलाई उचाईमा लैजान नयाँ प्रविधिको प्रयोग लगायतका प्रयास गरिएको उनले बताए ।

साथै सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक गणेश प्रसाद अधिकारी, नेपाली सेना युद्धकार्य महानिर्देशनालय जंगी अड्डाका युद्धकार्य महानिर्देशक उपरथी पवनराज घिमिरे, गृह-मन्त्रालय अन्तर्गतका विभिन्न महाशाखा प्रमुखहरूबाट आ-आफ्नो क्षेत्रबाट भए गरेका सुरक्षा व्यवस्थापनका विविध विषयमा प्रस्तुतीकरण गरिएको थियो ।

गृह मन्त्रालयका प्रवक्ता एवं सुरक्षा तथा समन्वय महाशाखाका प्रमुख फडिन्द्रमणी पोखरेलले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त गोष्ठीमा २ नम्बर प्रदेश अन्तर्गतका ८ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले आ-आफ्नो जिल्ला अन्तर्गत शान्ति सुरक्षाको अवस्था, भौतिक श्रोतसाधन, सम्भावित सुरक्षा चुनौतीहरू एवं सुरक्षा क्षेत्रका विविध गतिविधिहरूका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

गोष्ठीमा प्रदेश अन्तर्गतको शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा अनुसन्धान लगायतका विषयमा हालसम्म भए गरेका विभिन्न गतिविधिहरू तथा प्रदेश अन्तर्गतको विद्यमान सुरक्षा अवस्था, समस्या तथा चुनौती र आगामी कार्यभार लगायतका बिषयमा रणनीतिक योजना तय गर्न सहभागीहरूबीच छलफल तथा अन्तरक्रिया भएको थियो ।




## मधेश अपडेट

### देउवा नै फेरि सभापति हुनुपर्छ : खाण

रूपन्देही । नेपाली कांग्रेसका नेता एवं गृहमन्त्री बालकृष्ण खाणले कांग्रेसको आसन्न १४औं महाधिवेशनबाट पुनः शेरबहादुर देउवा नै सभापति हुनुपर्नेमा जोड दिएका छन् । उनले गठबन्धनको सरकार बचाउँदै आउने निर्वाचन सफल बनाउनका लागि प्रधानमन्त्री देउवा नै पार्टी सभापतिमा निर्वाचित हुनुपर्ने बताए । नेपाल महिला संघ रूपन्देहीले भैरहवामा गरेको कार्यक्रममा बोल्दै पार्टी सभापति र प्रधानमन्त्री एउटै व्यक्ति हुनुपर्ने बताएका छन् । नेपाली कांग्रेसलाई सक्षम र जिम्मेवार पार्टीको रूपमा अगाडि लैजान र पहिलो पार्टी बनाउन सत्ता गठबन्धन बचाँउदै अगाडि बढ्नु पर्ने खाणले बताए । लोकतन्त्र र संविधानको रक्षाका लागि कांग्रेसलाई बलियो बनाउन खांणले कार्यकर्तालाई आग्रह गरे ।

### ‘उपेन्द्रले मधेशको मिशनलाई कमिशनसँग साटे’

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता तथा पूर्वमन्त्री उमाशंकर अरगरियाले उपेन्द्र यादवले मधेशको मिशनलाई कमिशनसँग साटेको आरोप लगाएका छन् । लोसपाले धनुषाको क्षेत्र नम्बर २ अन्तर्गत शहीद नगरपालिकाको यदुकोहामा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रममा बोल्दै उनले यस्तो आरोप लगाएका हुन् । ‘मधेशको मिसनलाई कमिसनमा नबदलिएको भए, अहिले मधेशले अधिकार पाइसक्थ्यो’ उनले भने, ‘मिसनलाई कमिसनसँग साट्ने नेता उहीं हुन् ।’ मिसनलाई कमिसनमा बदलेर मधेशको भोंट पहाडमा बेच्ने नेता पनि उहीं रहेको अरगरियाले बताए । मधेशको नाममा राजनीति गरेपनि उपेन्द्रले आफ्नो स्वार्थ मात्रै सिद्धी गरिरहेका कारण अबको चुनावमा उनको पार्टीको यस क्षेत्रमा जमानत जफ्त हुने अरगरियाले बताए ।

### मुख्यमन्त्री राउतद्वारा शिव मन्दिर शिलान्यास

वीरगन्ज । प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउतको निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तगर्त रू. २५ लाख छुट्याइएको बजेटबाट वीरगंज वडा नं. १६ इनर्वा टोलमा शिव मंन्दिर निर्माण गर्न सोमबार शिलान्यास गरिएको छ । एक कार्यक्रम बिच लालदेव यादवको अध्यक्षता भएको शिलान्यास कार्यक्रमको प्रमुख अतिथी मुख्यमन्त्री लालबाबु राउत विशिष्ट अतिथी विरगंजका मेयर विजय सरावगी, अतिथीहरू जिल्ला अध्यक्ष रामनरेश यादव, मौलाना नुरूलहोदा, संघिय परिषद सदस शेख समिर, सचिव तबरेज अहमद, विधार्थी नेता आमोद यादव, वडा न. १६ का अध्यक्ष श्यास बावु चौरसिया, इकाई अध्यक्ष अरूण यादव, पलकधारी यादव, प्रमोद यादव, मदन यादव, पिन्टु उपाध्यया, लगायत स्थानीयहरूको सहभागिता रहेका थिए । कार्यक्रमको आयोजना फरिद आलमले गरेका थिए ।

### शहीद परिवारलाई छठ पुजा सामग्री प्रदान

वीरगन्ज । जनता समाजवादी पार्टी नेपालका प्रतिनिधिसभा सदस्य प्रदीप यादवले मधेश आन्दोलनका शहीद परिवारलाई छठ पुजा सामग्री प्रदान गरेका छन् । छठ पर्व को पावन अवसरमा बुधबार मधेश आन्दोलनमा शहीद भएका शहीदहरूको परिवारजनमा साडी र पुजन समाग्री वितरण गरी भेटघाट गरेको सांसद यादवले जनाएका छन् । छठ पर्वको अवसरमा शुभकामना दिँदै भनेका छन्, ‘छठी मैयाले हामी सबै माथी कृपा बर्साउने र सफल बनाउने विश्वास लिएको छु । छठी मैयाले सबैको कल्याण गरून् भन्ने कामना गर्दछु ।’

### गुन्डागर्दी शैलीमा निर्घात कुटपिट

अनिल गुप्ता, पर्सा । पर्साको जगरनाथपुर गाँउपालिका वार्ड नं. ५ टोल मधुवाहामा राती अं.समय ७ बजेको समयमा मोहम्द सागीर आलमको घरमा सोही गाँउको केही ब्यक्तिहरू गुन्डा गर्दी शैलीमा निज आलमको घरमा गई दुई छोरा, श्रीमती लाई निर्घात कुटपिट गरेका छन् । शुभदिपावलीको दिनमा निज आलमको सम्पुर्ण परिवार एक आपसमा गफसफ गर्दै गरेको अवस्थामा सोही गाँउका बनारसी मुखिया बिन, नन्दकिशोर मुखिया बिन,नगिना मुखिया बिनले एकाशी लठी, हातहतियार लिई गुन्डागर्दी शैलीमा तिनीहरूलाई निर्घात कुटपिट गरी बाक्साको ताला भाची नगद रू. तिन लाख तथा केही गरगहनाहरू समेत लुटी लगेको पिडित आलमले जानकारी गराएका छन् । यो घटना हुदा बखत आफु बिरगंजमा रहेको समेत आलम ले जानकारी गराएका छन् । घटना पछि निज आलको घाईते परिवारलाई उपचरार्थ पोखरीयाको अस्पतालमा लगे पछि निजका छोराहरू समान्य घाईते तथा श्रीमतीलाई निर्घात कुटपिट गरेको हुनाले बिरगंज स्थित तराई अस्पतालमा उपचार भईरको जानकी टोल प्रहरी चौकीका ईन्चार्ज शिव ओलीले जानकारी गराएका छन् । उक्त घटनामा सम्लग्न ब्यक्तिहरू फरार रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरिकक्षक बेलबहादुर पाण्डेले बताउनु भयो । ती अपराधीहरूलाई छिटै समाती कडा भन्दा कडा कारवाही गरिने समेत बताउनु भयो ।

### समाजवादी प्रेस संगठनमा परियार

रूपन्देही । पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) निकट समाजवादी प्रेस सगंठन नेपाल रूपन्देहीको संयोजकमा विनोद परियार चयन भएका छन् । बुटवलमा सोमबार सम्पन्न सगंठनको प्रदेश कमिटीको बैठकले परियारको नेतृत्वमा १५ सदस्यीय जिल्ला समिति गठन गरेको हो । समितिको सह-संयोजकमा शकंर पाण्डे र उषाकिरण पन्थ, सचिवमा पुनहरि बेल्वासे र सहसचिवमा कृष्ण रणपाल रहेका छन् । एकीकृत समाजवादीका केन्द्रीय सदस्य तथा रूपन्देही इन्चार्ज समेत रहेका अग्रज पत्रकार डा. बालकृष्ण चापागाईंले प्रदेशमा रूपन्देहीबाट समाजवादी प्रेस संगठन नेपालको संगठन विस्तार शुरू भएको बताउँदै मंसिरभित्र १२ वटै जिल्लामा कमिटी निर्माण गरिने बताए । समाजवादी प्रेस सगंठन नेपाल लुम्बिनी प्रदेश इन्चार्ज विकास बन्जाडे, संयोजक शिव सुवेदी लगायतले संगठनले श्रमजिवी पत्रकारको नेतृत्व गर्ने बताएका थिए ।

### ‘अपराध निर्मूल गर्न विशेष योजना आवश्यक’

सर्लाही । प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले सीमा नाकामा हुने अपराध, लागूऔषधको अवैध कारोबार लगायतका अपराध निर्मूल गर्नका लागि प्रहरी कर्मचारीहरूले विशेष प्राथमिकताका साथ आवश्यक कार्ययोजना तर्जुमा गरी काम गर्नुपर्ने बताएका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाही तथा मातहत कार्यालयका कार्यालय प्रमुख तथा कार्यरत प्रहरी अधिकृत एवं जवानहरूलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीमा सोमबार निर्देशन दिँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले उक्त कुरा बताएका हुन् । प्रहरी महानिरीक्षक थापा क्षेत्रीले प्रहरीले गरेका हरेक क्रियाकलाप प्रहरी संगठनसँग जोडिने हुनाले प्रहरी कर्मचारीहरूले आफ्नो कर्तव्य सदैव पारदर्शी रूपमा बहन गर्नुपर्ने उल्लेख गरे । प्रहरी जीवन सार्वजनिक जीवन हो भन्दै आफ्नो आचरण र व्यवहारमा अझै सुधार ल्याउन, नम्र भाषा प्रयोग गर्न र खुसी साथ विना भेदभाव नागरिकलाई समान एवं प्रविधिमैत्री सेवा प्रदान गर्न उनले निर्देशन दिए । महिला, बालबालिका र जेष्ठ नागरिकलाई उच्च प्राथमिकतामा राखी सेवा दिन उनले आग्रह समेत गरे । प्रहरी महानिरीक्षक थापा क्षेत्रीले प्रहरी कर्मचारीहरूले अपराध नियन्त्रण तथा सफल अनुसन्धान, तस्करी तथा सीमा अपराध नियन्त्रण, सवारी दुर्घटना न्यूनीकरण लगायत जनसरोकारका कार्य सञ्चालनको क्रममा स्थानीय प्रशासन, सरकारी वकिलको कार्यालय, अन्य सुरक्षा निकायहरू, स्थानीय तह लगायत सरोकारवाला निकायहरूसँग समन्वय राखी काम गर्नुपर्ने बताए । आन्तरिक मनोबल उच्च राख्न हरेक प्रहरी कार्यालयले प्रहरी नियमावलीमा भएका व्यवस्था लागू गर्न र आफ्ना परिवारलाई पनि महत्व दिनेतर्फ ध्यान दिनुपर्नेमा उनले जोड दिए । उक्त अवसरमा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले जिल्ला प्रहरी कार्यालय सर्लाही परिसरको निरीक्षण समेत गरेका थिए । कार्यक्रममा २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रहरी वरिष्ठ उपरीक्षक मसाउद आलम खाँ, जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी उपरीक्षक कृष्ण प्रसाईं लगायत प्रहरी अधिकृत तथा जवानहरूको उपस्थिति रहेको थियो ।

### एमालेको धनगढी उपमहानगर अध्यक्षमा जोशी

कैलाली । नेकपा एमाले धनगढी उपमहानगरपालिकाको अध्यक्षमा रामचन्द्र जोशी सर्वसम्मत चयन भएका छन् । मंगलबार सम्पन्न नगर कमिटीको प्रथम अधिवेशनबाट जोशीको अध्यक्षतामा ८५ सदस्यीय कार्य समिति सर्वसम्मत चयन गरिएको नेकपा एमालेले जनाएको छ । यस्तै नगर कमिटीकौ उपाध्यक्षमा जगदीश चौधरी, सचिवमा प्रेम महरा, उपसचिवमा झुम अधिकारी र दिप्ती शाही सर्वसम्मत चयन भएका छन् । निर्वाचित भएका पदाधिकारीलाई सुदूरपश्चिम प्रदेशका इञ्चार्च लेखराज भट्टले सपथ गराएका थिए । सोमबारदेखि सुरू भएको एमाले धनगढी उपमहानगरपालिकाको प्रथम अधिवेशन विभिन्न पदका उम्मेदवारबीच आपसी सहमती जुटाउनमा ढिलाई हुदा मंगलबारसम्म चलेको थियो ।

# विदेशी शक्तिको लगानी कर्पोरेट मिडियामा



**जयप्रकाश गुप्ता**

केही दशक पहिला अभिव्यक्ति स्वतन्त्रताको माग समग्र मानव अधिकार आन्दोलनको अभिन्न भाग थियो। यो आन्दोलन आम जनताका बैचारिक स्वतन्त्रताको रक्षाका लागि स-साना समूहहरूले चलाएपनि प्रत्यक्षत: स्वेच्छाचारी राजनीतिक व्यवस्था तथा सरकारहरूका बिरूद्ध हुन्थ्यो। सरकारहरूले मानव अधिकार सक्रियतावादीहरूको सामना गर्नु परेको हुन्थ्यो। यस अभियानमा अदालत र प्रेस जस्ता निकायहरू अपवाद बाहेक जनताका पक्षमा उभिएको हुन्थ्यो। अन्तरराष्ट्रिय समुदाय पनि मानव अधिकार संरक्षणलाई मानक मानेर ध्रुविकृत हुन्थे।

अहिले प्रजातान्त्रिक भनिने मुलुकहरूका संविधान र कानूनहरूले शास्त्रीय स्तरको जनताका हकहरूको पुरा ग्यारेन्टी त गरेको छ। तर, सरकारहरूले रूप र तरिका बदलेका छन्। हिजो जहाँ मानव अधिकारका व्यापक बिषयहरू नागरिकका निजी मतसंग सम्बन्धित थियो-आज राज्यले स्वीकारेको आस्थाहरूले तेस मूल्यलाई समाप्त पारेको छ। पाकिस्तानमा अल्प संख्यक हिन्दूहरू, भारतमा मुसलमानहरू, इजरायलमा अरबहरू, टर्कीमा क्रिस्तानहरूका मानव अधिकारमा बैयक्तिक सवालहरू राज्यको समग्र आस्थाका कारणले गौण भएको छ। अमेरिकामा 'अमेरिकन मात्र' को सोच यसैको निरन्तरता हो।

राज्यको आस्था भनेको धर्म, जाति र बहुसंख्यक नागरिकको थलो र मूलसंग सम्बन्धित भएको छ। यस्तो परिवेशमा राज्यले प्रवर्द्धन गरेको आस्थाहरूका कारणबाट अल्प संख्यक समुदायहरू दमनमा परिरहेको हुन्छ। इजरायल र भारतसंगको मित्रता प्रविधिको व्यापार भन्दापनि मुसलमान राष्ट्रहरूप्रति उनीहरूको समान सोचबाट निर्धारित हुन थालेको छ। कुनै समय तुर्कसंग भारतको गहिरो सम्बन्धको झलक दिल्लीको एक मुख्य सडकको नामाकरण "कमाल अतातुर्क" को नामबाट गरिनुले बुझिन्थ्यो। तर, अहिले भारत र तुर्कीको सम्बन्ध पुरै चिसिएको छ। इरानसंगका झैं। जबकि, भारत तुर्की र इरानसंग बैमनस्य राख्ने अमेरिकासँग बढी नजिकिएको छ। यो आजको समयको परिदृश्य हो। यसको गहिरो प्रभाव मुलुकहरू भित्रको मानव अधिकारको स्थितिमा परेको छ।

यसरी आज सरकारहरू दमनका प्रत्यक्ष कर्ता देखिनन्।

सरकार स्वयं दमनका पात्र बन्दैन। अदालतहरूले सरकारबाट अल्पसंख्यक समुदायको मानव अधिकार उलंघन गरिएको प्रमाण पाउँदैन। जब कि सरकारहरूले बडो चालाखीका साथ कर्पोरेट घरानाहरूलाई हातमा लिन्छ र यिनको माध्यमबाट आम मानिसहरूको धारणा वा अभिमत निर्माणको प्रारम्भ भनौं वा जरो मै नियन्त्रण गरिन्छ। त्यो जरो हो दिमाग वा मत निर्माणको विधि वा तरिका। यसको आधारभूत माध्यम प्रेस वा संचार क्षेत्र भएको छ।

आज सरकार पोषित र प्रवर्द्धित कर्पोरेटको पुरै नियन्त्रणमा प्रेस गै सकेको छ। यस विधिबाट सरकार नियन्त्रणकर्ताको रूपमा कतै देखिन्न्। आम नागरिकलाई सुसूचित गर्ने उपक्रमको रूपमा स्वयं संचार माध्यमहरू नै अगाडी सरेको हुन्छ, जो सरकारको स्वार्थको रक्षा गर्छ। यो तानाशाही शासनको भन्दा पनि खतरनाक छ, किन की यसले मानव अधिकारलाई बिषयगत रूपमा भन्दा पनि समग्रतामा नियन्त्रण गर्दछ, सोच निर्माणको प्रकृयालाई नै नियन्त्रित गर्दछ। अमेरिकामा अपवादको रूपमा 'सिएनएन'ले ट्रम्पको यो मनशायलाई बुझे। फलतः ट्रम्प र सिएनएनको लडाई रह्यो। भारतमा मोदीले र बिजेपीले हिन्दूत्वको नाममा पुरै देशको एकल सामुदायिक सोच निर्माणको कार्यभार बोकेको छ। यसले गर्दा तेहाँ अल्पसंख्यक समुदायहरूको मानव अधिकार हननको सवाल वृहद् जन धारणाको आवरणमा क्षम्य भएको छ।

आज भारतमा ५/६ वटा औद्योगिक घरानाको नियन्त्रणमा २७ वटा प्रभावशाली टिभी च्यानलहरू चलिरहेको छ। जसले सरकारको पक्षमा जनताको सोच बनाउँदछ। यो अदालत र मानव अधिकारको मापनबाट मुक्त छ। नेपालमा अझ् खतरनाक रूपमा विदेशी शक्तिको लगानी कर्पोरेट मिडियोमा प्रवेश गरेको छ। हाल नेपालमा मिडिया द्वारा पोषित एवं प्रवर्द्धित कतिपय एजेण्डाहरू यसैका प्रारम्भिक लक्षणहरू हुन्। के हुन त ती एजेण्डाहरू बुझ्नु भएको छ ?

> **नेपालमा अझ् खतरनाक रूपमा विदेशी शक्तिको लगानी कर्पोरेट मिडियामा प्रवेश गरेको छ। हाल नेपालमा मिडियाद्वारा पोषित एवं प्रवर्द्धित कतिपय एजेण्डाहरू यसैका प्रारम्भिक लक्षणहरू हुन्।**

# लोसपा नेता मिश्र चुनावी तयारीमा

काठमाडौं। लोकतान्त्रिक समाजवादी पार्टी नेपालका युवानेता मनिष कुमार मिश्र आगामी चुनावलाई केन्द्रित गर्दै तीव्र तयारीमा जुटेका छन्।

विद्यार्थी राजनीतिबाट सुरू गरेको राजनीतिक यात्रा उनको निकै नै सफल र सुखद रह्यो। उनी राष्ट्रिय राजनीतिमा पनि राम्रै छवि बनाएका छन्। हरेक विद्यार्थी आन्दोलनमा अहम् भूमिका निर्वाह गर्दै आएका नेता मिश्र अब राष्ट्रिय राजनीति गर्ने अठोटका साथ लागेका छन्।

सर्लाही निर्वाचन क्षेत्र नं. ४ (क) रामनगर गाउँपालिकाका मिश्रले आगामी निर्वाचनमा प्रदेशसभा सदस्य अथवा स्थानीय तहको प्रतिनिधिका लागि आफ्नो उम्मेद्वारी दिने तयारी गरिरहेका छन्।

उनी भन्छन्, 'प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य अथवा रामनगर गाउँपालिकाको अध्यक्षमध्ये कुनै एकमा आफ्नो उम्मेद्वारी रहनेछ। पार्टीले मलाई जुन ठाउँमा टिकट दिन्छ त्यसका लागि म तयार छु।'

यसअघिको प्रदेशसभा चुनावमा मिश्र तत्कालीन राष्ट्रिय जनता पार्टी नेपालको तर्फबाट समानुपातिक प्रदेशसभा सदस्यको उम्मेद्वार बनेका थिए। आफ्नो क्षेत्र उनी महजबुत पकड बनाउनुका साथै विभिन्न



उल्लेखनीय कार्यहरूसमेत गरेका छन्।

स्थानीय जनताका बीच उनी निकै चर्चित र लोकप्रिय नेताका रूपमा पनि चिनिन्छन्। उनले विभिन्न सामाजिक कार्यहरू गर्दै जनतामाझ लोकप्रियता कमाएका हुन्।

स्थानीयहरूले उनलाई जनप्रतिनिधिको रूपमा हेर्न चाहेको बताइन्छ। स्थानीय जनताको हरेक सुखदुखमा उनी जहिले पनि उभिरहेका हुन्छन्। त्यहाँका प्रदेश सांसद अथवा गाउँपालिका अध्यक्षभन्दा बढी काम गरेको स्थानीयहरू बताउँछन्।

उनलाई प्राप्त जनसमर्थनबाट हौसिएर अब जनताको सेवा गर्नका लागि चुनावबाट जितेर त्यहाँका हरेक समस्या समाधान गर्न लागिपर्ने उनी बताउँछन्। उनी भन्छन्, 'पार्टी नेतृत्वले यदि मलाई मौका दियो भने म निराश गर्ने छैन।'


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासायिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र बाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### सर्राफद्वारा व्रतालुहरूलाई साडी वितरण

वीरगन्ज। लोकतान्त्रिक समाजवादी पार्टी नेपाल वीरगन्ज महानगर अध्यक्ष एवम् सामाजिक अभियन्ता ओम प्रकाश सर्राफले छठ व्रतालुहरूलाई साडी वितरण गरेका छन्। अध्यक्ष सर्राफले वीरगन्जको विभिन्न टोलका विपन्न घरदैलोमै छठ व्रतालुहरूलाइ नया साडी बितरण गरेका छन्। उनले अहिलेसम्म करिब दुई सय साडी वितरण गरेको र वितरण कार्यक्रम जारी नै रहेको बताएका छन्।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

कैलाली। जोशीपुर गाउँपालिका-५ सिमरास्थित बागमती ०२-०१५ प २७३८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडक छेउको फलामको ड्रममा ठोक्किँदा एक युवकको मृत्यु भएको छ। आइतबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार लम्कीचुहा नगरपालिका-७ बस्ने २५ वर्षीय नरेश रोकायाको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको निर्सग अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो। सामान्य घाइते भएका मोटरसाइकलमा सवार चालक समेत ३ जनालाई उपचार पश्चात प्रहरीले नियन्त्रणमा लिएको छ।

### ट्याक्टर दुर्घटनामा एकको मृत्यु

रौतहट। बौधिमाई नगरपालिका-५ कोप्वास्थित सडकमा ना.६ त ७९७९ नम्बरको ट्याक्टर आफैं अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। सोमबार बिहान दुर्घटना हुँदा ट्याक्टरमा सवार सोही ठाउँ बस्ने ५६ वर्षीय सुरेश प्रसाद यादवको ट्र्याक्टरले थिचिएर मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि वीरगंजतर्फ लैजानेक्रममा बाटोमै मृत्यु भएको हो।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

कपिलवस्तु। कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी महाराजगन्ज नगरपालिका-८ बन्जरिया घर भएका ४३ वर्षीय भोला उपाध्याय भन्ने भोलानाथ उपाध्यायलाई प्रहरीले पक्राउ गरेको छ। उक्त मुद्दामा अदालतबाट २० वर्ष कैद फैसला भई विगत ११ वर्षदेखि फरार रहेका भोलानाथ भारतको मुम्बईमा लामोसमय लुकीछिपी बसिरहेकोमा केही समयदेखि कपिलवस्तु नगरपालिका-१ प्रशासन चोकमा डेरा लिई लुकिछिपी बसिरहेका छन् भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। २०६७ असोज ३१ गते साँझ कपिलवस्तु साबिक भलवारी गाबिस-८ सानो भलवारीमा मेला हेर्न गएका साबिक उदयपुर गाबिस-७ बस्ने मुनिम भन्ने सिताराम पासीलाई छेदी यादव, हरिहर कुर्मीले भोलानाथमार्फत् अन्य २ जना व्यक्तिहरूलाई १ लाख रूपैयाँ दिई गोली प्रहार गरी हत्या गराएको घटनामा अदालतले उनीहरूउपर उक्त फैसला गरेको थियो। छेदीलाई २०६८ भदौ ४ गते र हरिहरलाई २०६८ असोज २४ गतेनै प्रहरीले पक्राउ गरेको थियो। भोलानाथलाई जिल्ला अदालत कपिलवस्तुमा उपस्थित गराइएको तथा अन्य २ जना फरार प्रतिवादीहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ।

### चोरीको मोटरसाइकलसहित पक्राउ

पर्सा। वीरगञ्ज महानगरपालिका-५ गणेशमान चोकको छेउमा पार्किङ गरी राखेको ना.४८प ५१०९ नम्बरको मोटरसाइकल चोरी गरेको अभियोगमा सोही महानगरपालिका-५ बस्ने २५ वर्षीय सोनालाल मुखियालाई प्रहरीले पक्राउ गरेको छ। वीरगंज महानगरपालिका-५ बस्ने २० वर्षीय रोशन साहको मोटरसाइकल उक्त चोक छेउमा पार्किङ गरी राखिएको अवस्थामा चोरी भएको जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उक्त मोटरसाइकल चलाइरहेको अवस्थामा फेला पारी सोही महानगरपालिका-१९ विन्दवासिनी चोकबाट मुखियालाई पक्राउ गरेको हो। उनी उपर चोरी सम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

### कपिलवस्तुमा जुवाडेहरू पक्राउ

कपिलबस्तु। बाणगंगा नगरपालिका-२ लेखबेशी होटलमा जुवा खेलिरहेको अवस्थामा होटल संचालक सोही ठाउँ बस्ने ३३ वर्षीय रमेश भट्टराई लगायत १२ जनालाई बिहीबार राति प्रहरीले पक्राउ गरेको छ। उक्त होटलमा जुवा खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ७६ हजार ७ सय ४५ रूपैयाँ र २ थान पासा सहित फेला पारी पक्राउ गरेको हो। यसैगरी बाणगंगा नगरपालिका-१ स्थित किशोर जंग पुनको घरमा जुवा खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ४५ बर्षीय उदय अधिकारी लगायत १८ जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ। उक्त घरमा जुवा खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ५ लाख ४२ हजार ३ सय ८० रूपैयाँ र ३ थान पासा सहित फेला पारी पक्राउ गरेको हो।

### नालीमा डुबेर वृद्धको मृत्यु

बाँके। बैजनाथ गाउँपालिका-६ बस्ने ७१ वर्षीय नन्दलाल घर्ती मगरको नालीमा डुबेर मृत्यु भएको छ। कोहलपुर नगरपालिका-१२ मसुरिखेतस्थित सडक किनारामा रहेको नालीमा डुबेर शुक्रबार बिहान मृत्यु भएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### जुवातास खेलिरहेका ४८ जना पक्राउ

बाँके। नेपालगंज उपमहानगरपालिका-१३ बाबुगाउँबाट जुवातास खेलिरहेको अवस्थामा ४८ जनालाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूलाई नगद ४ लाख ६६ हजार ७७ रूपैयाँ र १० गड्डी तास सहित शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ। उक्त स्थानमा केही मानिसहरू जुवातास खेलिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँके र वडा प्रहरी कार्यालय नेपालगंजबाट खटिएको प्रहरीले उनीहरूलाई जुवातास खेलिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो।

### आगलागी हुँदा २० लाखको क्षति

बाँके। नेपालगंज उपमहानगरपालिका-३ एकलाईनी बस्ने हारून हलुवाईको हारून श्रृंगार पसलमा आगलागी हुँदा लाखौंको क्षति भएको छ। बिद्युत सर्ट भई आइतबार बिहान आगलागी हुँदा करिब २० लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ। प्रहरीले स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथ यस सम्बन्धमा थप आवश्यक अनुसन्धान गरिरहेको छ।

### खोलामा युवकको शव फेला

मोरङ्ग। मोरङ्ग जिल्लाको रंगेली नगरपालिका ७ स्थित बक्राह खोलामा पौडी खेल्ने क्रममा डुवेर बेपत्ता भएका भारतीय नागरिक १८ वर्षिय राजकुमार साहको शव सशस्त्र प्रहरीले फेला पारेको छ। सो घटनाबारे जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बराह बाहिनी मुख्यालय सुनसरीबाट खोजी तथा उद्धारका लागि खटिएको गोताखोरसहितको सशस्त्र प्रहरीले उनको शव घटनास्थल नजिकै पानीमा डुवेको अवस्थामा फेला पारेको हो।

### रौतहटमा युवकको मृत्यु

रौतहट, चन्द्रपुर नगरपालिका-१ नुनथरस्थित बाग्मती खोलामा पौडी खेल्ने क्रममा डुबेर धनुषा मिथिला नगरपालिका-७ हरिहरपुर बस्ने १८ वर्षीय नवराज लामाको बुधबार दिउँसो मृत्यु भएको छ। लामा पौडी खेल्ने क्रममा डुबेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय पौराईबाट खटिएको प्रहरीले स्थानीय बासिन्दाको सहयोगमा उद्दार गरी उपचारको लागि चपुरस्थित चन्द्रपुर प्रालि अस्पताल पठाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो।

### लागूऔषधसहित एक जना पक्राउ

मोरङ। उर्लाबारी नगरपालिका-३ मंगलबारे धिमाल टोलबाट करिब १ ग्राम ४ सय ३० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर र नगद ५० हजार ४ सय रूपैयाँ सहित सोही ठाउँ बस्ने २३ वर्षीय सबिन लिम्बुलाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरीले उनलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

# छठ : एक बहुआयामिक आस्थाको महापर्व









छठ पर्वले भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधतायुक्त समाजमा आपसी एकता, सद्भाव र बन्धुत्वको भावनालाई प्रगाढ बनाउँदै राष्ट्रिय एकतालाई थप सुदृढ गर्न मद्दत पुगोस् । नेपाल संस्कृतिमा व्यापक विविधता भएको देश हो । त्यसकै एउटा परिचय हो छठ पर्व । एउटा क्षेत्र र समुदायले मनाउने यो पर्वले यतिखेर राष्ट्रिय स्वरूप ग्रहण गरिसकेको छ। यस बर्षको छठ भोलि र पर्सी भएपनि यसको माहोल केहीदिनदेखि उत्सवमय भैसकेको थियो । कृषि युगको त्यो बेलाको चेतनाको प्रतीकको रूपमा स्थापित यो पर्व अहिलेको पुजीवादी युगमा पनि विस्तार हुने क्रममा छ। विस्तारको क्रममा यसको मौलिकता बारे पनि सबैको ध्यान जान जरूरी छ। प्रकृति त्यतिबेला आज जस्तो ज्ञेय थिएन। सूर्यकै कारण जीवन सम्भव भएको ठानेर मानिसहरू उषा( बिहान ) र प्रति उषा (साझ ) मा सूर्यको उपासना गर्थे। सूर्यको आराधना गरी सकरात्मक उर्जा र शक्ति प्राप्त गर्थे ।तर, अहिले छठ मात्र हैन सबै पर्वहरू भड्किला भएका छन् । पटकाको प्रदुषणले वातावरण दुषित बनाईएको छ । भनिन्छ अरूको देखासिखी गर्दै जाँदा छठकै ऐतिहासिकता र मौलिकतामानै ह्रास आउन थालेको छ । पर्व मनाउन ऋण लिन थालिएको छ ।हाम्रा सोच,विचार र आचरणहरू उत्पादन र आत्मनिर्भरता उन्मुख छैनन् ।वस्तुहरू उत्पादन गर्ने होइन बजारमा गएर किन्ने प्रविधि बढ्दो छ । अध्येताहरू भन्छन् पर्वमा नयाँनयाँ अध्याय थपेर बरतालु लाइ सकारात्मक उर्जा दिने हैन बिमार बनाउने प्रक्रिया सुरू भएका छन् । प्राय पोखरीहरू स्वास्थ्यको कोणबाट सफा छैनन् । मानव जीवनमा जल र प्रकाशको असाधारण महत्व छ। ओजनको पत्रमा प्वाल पारेर माथिको वायुमण्डल पनि प्रदूषित बनाइएको छ तल पानीका मुहानहरू पनि सुरक्षित गर्न सकेका छैनौं । पोखरीहरूको संरक्षण पनि पर्वहरूको कोणबट त्यतिनै महत्वका विषयहरू हुने रहेछन। वर्षमा एकदिन मात्र हैन वर्षेभरि पोखरीहरू संरक्षण गरेर मात्र हामी छठ जस्ता पर्वहरूलाई पनि स्वस्थ बनाउन सक्छौं । विभिन्न कोणबाट आएका यी बिचारहरूलाई ध्यान दिँदै समयानुकूल, विज्ञान सम्मत र वातावरणमैत्री भएर यसवर्षको छठ मनाउ । नेपालीहरूको मौलिक पहिचान भनेको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवम् भौगोलिक विविधता हो । नागरिक बीचको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र ऐक्यवद्धताले नै देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय एकता अक्षुण्ण राख्ने आधार बन्न सक्दछ ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।



**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# दिल्ली घोषणापत्रमा "शान्त, सुरक्षित र स्थिर अफगानिस्तान" को आव्हान

अफगानिस्तान र यसको भूभागलाई कुनै पनि आतंकवादी कार्यलाई आश्रय, प्रशिक्षण, योजना वा वित्तपोषणका लागि प्रयोग गर्नु हुँदैन । दिल्ली क्षेत्रीय सुरक्षा संवादमा आठ देशका एनएसए वा सुरक्षा परिषद्का सचिवहरूले बुधबार घोषणा गरे ।

संयुक्त विज्ञप्ति, 'अफगानिस्तान सम्बन्धित दिल्ली घोषणा' ले यस क्षेत्रमा कट्टरपन्थी, चरमपन्थ, पृथकतावाद र लागूपदार्थको तस्करीको खतरा विरूद्ध सामूहिक सहयोग गर्न आह्वान गरेको छ ।




यसले सबै आतंकवादी गतिविधिको कडा शब्दमा निन्दा गर्दै अफगानिस्तानलाई कहिल्यै पनि विश्वव्यापी आतंकवादको सुरक्षित आश्रयस्थान नबनोस् भनी सुनिश्चित गर्नका लागि यसका वित्तपोषण, आतंकवादी पूर्वाधारको विनाश र कट्टरपन्थीवादको सामना गर्ने लगायतका सबै प्रकारका आतङ्कवादसँग लड्न आफ्नो दृढ प्रतिबद्धता दोहोऱ्याएको छ ।

घोषणापत्रले अफगानिस्तानका सबै जनताको इच्छालाई प्रतिनिधित्व गर्ने र देशका प्रमुख जातीय-राजनीतिक शक्तिहरू सहित समाजका सबै वर्गहरूको प्रतिनिधित्व गर्ने खुला र साँच्चै समावेशी सरकार गठनको आवश्यकतालाई जोड दिएको छ । मुलुकमा सफल राष्ट्रिय मेलमिलाप प्रक्रियाका लागि प्रशासनिक र राजनीतिक संरचनामा समाजका सबै वर्गको समावेशी अपरिहार्य रहेको घोषणापत्रमा उल्लेख छ ।

यसले सार्वभौमसत्ता, एकता र क्षेत्रीय अखण्डताको सम्मान र आन्तरिक मामिलामा गैरहस्तक्षेपमा जोड दिँदै शान्तिपूर्ण, सुरक्षित र स्थिर अफगानिस्तानको लागि बलियो समर्थन दोहोर्याएको छ । घोषणापत्रले भूपरिवेष्ठित मुलुकको सुरक्षा अवस्थाबाट उत्पन्न अफगानिस्तानका जनताको पीडाप्रति गहिरो चिन्ता व्यक्त गर्दै कुन्दुज, कान्दाहार र काबुलमा भएका आतङ्ककारी हमलाको भर्त्सना गरेको छ ।

अफगानिस्तान सम्बन्धी संयुक्त राष्ट्र संघका सान्दर्भिक प्रस्तावहरूलाई सम्झाउँदै दिल्ली क्षेत्रीय सुरक्षा संवादमा सहभागीहरूले अफगानिस्तानमा संयुक्त राष्ट्र संघको केन्द्रीय भूमिका रहेको र देशमा यसको निरन्तर उपस्थितिलाई जोगाइरहनुपर्छ भनी टिप्पणी गरेको छ ।

उनीहरूले महिला, बालबालिका र अल्पसंख्यक समुदायको मौलिक अधिकार हनन हुन नदिने कुरामा जोड दिएका छन् । संवादमा सहभागीहरूले अफगानिस्तानको बिग्रँदै गएको सामाजिक-आर्थिक र मानवीय अवस्थाप्रति चिन्ता व्यक्त गर्दै अफगानिस्तानका जनतालाई तत्काल मानवीय सहायता उपलब्ध गराउन आवश्यक रहेकोमा जोड दिएका छन् ।

उनीहरूले अफगानिस्तानलाई निर्बाध, प्रत्यक्ष र निश्चित रूपमा मानवीय सहायता उपलब्ध गराउनु पर्ने र अफगानिस्तानको समाजका सबै वर्गहरूमा गैर-भेदभावपूर्ण रूपमा देशभित्रै वितरण गर्नुपर्ने कुरा दोहोर्याए।

उनीहरूले अफगानिस्तानलाई कोविड १९ को फैलावट रोक्न सहयोग गर्ने प्रतिबद्धता दोहोर्याए । साथै, उनीहरूले आफ्नो संवादको महत्व दोहोऱ्याए र भविष्यमा पनि एक अर्कासँग संलग्न रहन सहमत भए ।

अफगानिस्तान सम्बन्धी क्षेत्रीय सुरक्षा संवादमा भारत, इरान, काजाकिस्तान, किर्गिज गणतन्त्र, रूस, ताजिकिस्तान, तुर्कमेनिस्तान र उज्वेकिस्तानका राष्ट्रिय सुरक्षा परिषद्का राष्ट्रिय सुरक्षा सल्लाहकारहरू/सचिवहरूले भाग लिएका थिए । - *इण्डिया न्यूज नेटवक*

# रक्षा र प्रविधिमा सहयोग सुदृढ गर्न भारत र अमेरिका सहमत

भारत र अमेरिका रक्षा प्रविधि सहयोगमा वार्तालाई बलियो बनाउन सहमत भएका छन्। मंगलबार भएको ११ औं रक्षा प्रविधि र व्यापार पहल (डीटीटीआई) समूहको बैठकमा यस विषयमा छलफल भएको थियो ।



सह-अध्यक्षहरू आशयको संशोधित कथनमा सहमत भए जसले "विस्तृत योजना बनाएर र मापनयोग्य प्रगति गरेर रक्षा प्रविधि सहयोगमा हाम्रो वार्तालाई सुदृढ पार्न" धेरै विशिष्ट डीटीटीआई परियोजनाहरूमा आफ्नो आशयको घोषणा गर्दछ, रक्षा मन्त्रालयले भन्यो ।

डीटीटीआई समूहको उद्देश्य द्विपक्षीय रक्षा व्यापार सम्बन्धमा दिगो नेतृत्व मारू केन्द्रिकृत हुनु र सह-उत्पादन र रक्षा उपकरणहरूको सह-विकासका लागि अवसरहरू सिर्जना गर्नु हो ।

डीटीटीआई अन्तर्गत भूमि, नौसेना, वायु र विमान वाहक प्रविधिहरूमा केन्द्रित चार संयुक्त कार्य समूहहरू, तिनीहरूको क्षेत्र भित्र आपसी सहमतिमा परियोजनाहरू प्रवर्द्धन गर्न स्थापना गरिएको छ ।

समूहहरूले सह-अध्यक्षहरूलाई जारी गतिविधिहरू र सहयोगी अवसरहरू बारे जानकारी प्रदान गरे, जसमा प्राथमिकताका आधारमा पूरा गर्नका लागि लक्षित गरिएका निकट-अवधि परियोजनाहरू समावेश छन्, रक्षा मन्त्रालयले जानकारी दियो ।

सेप्टेम्बर २०२० मा डीटीटीआई समूहको अन्तिम बैठक पछि संयुक्त कार्य समूह वायु प्रणाली अन्तर्गत मानवरहित हवाई वाहनको लागि पहिलो परियोजना सम्झौतामा हस्ताक्षर भएको थियो ।

यो डीटीटीआई को लागि एक प्रमुख उपलब्धि हो ।

मंगलबारको बैठकमा भारत सरकारको रक्षा मन्त्रालयका सचिव (रक्षा उत्पादन) राज कुमार र अमेरिकी रक्षा विभाग ग्रेगरी कौसनरबाट प्राप्ति र दिगोपनाका लागि रक्षाका उपसचिव पिटिडिटिओ ( परफर्मिङ द ड्युटी अफ) को सह-अध्यक्षता थियो । डीटीटीआई समूह बैठकहरू सामान्यतया वर्षमा दुई पटक, भारत र संयुक्त राज्य अमेरिका बीच एकान्तरमा आयोजना गरिन्छ। तर, यो डीटीटीआई बैठक कोभिड-१९ को महामारीका कारण लगातार दोस्रो पटक भिडियो सम्मेलन मार्फत आयोजना गरिएको हो ।

डीटीटीआई समूह अन्तर्गत विशिष्ट प्रविधिहरू विकास गर्न अमेरिकी र भारतीय उद्योगहरूलाई थप प्रोत्साहन गर्न, रक्षा उधोग समन्वय मञ्च ले भर्चुअल एक्स्पो आयोजना गरेको थियो । रक्षा मन्त्रालयका अनुसार, डिआसिएफ ले भारतीय र अमेरिकी उद्योगहरूलाई डीटीटीआई मा प्रत्यक्ष रूपमा संलग्न हुने अवसर प्रदान गर्दछ र औद्योगिक सहयोगलाई असर गर्ने मुद्दाहरूमा सरकार र उद्योगबीच वार्तालापको सुविधा दिन्छ ।

- *इण्डिया न्यूज नेटवर्क*

**राष्ट्रिय जनगणना २०७८ मा सहभागी हुन आमसमुदायमा केन्द्रीय तथ्याङ्क विभागको अनुरोध !!**

प्रत्येक दश वर्षमा गरिँदै आएको बाह्रौं राष्ट्रिय जनगणना २०७८ तपसिलको समयमा भइरहेकोले सबै महानुभावहरूलाई यसमा सहभागी भई सहयोग गर्न केन्द्रीय तथ्याङ्क विभाग हार्दिक अनुरोध गर्दछ ।

- पहिलो चरण: २०७८ सालभाद्र ३० गतेदेखि आश्विन १८ सम्म घर तथा घरपरिवार सूचीकरण कार्य (सुपरिवेक्षक मार्फत संकलन गरिने)
- दोस्रो चरण: २०७८ साल कार्तिक २५ गतेदेखि २०७८ मंसिर ९ गतेसम्म मुख्यगणना (गणक मार्फत संकलन गरिने)

जनगणनाका दुवै चरणमा अनिवार्य सहभागी भई आफ्नो र परिवारको विवरण टिपाऔं र गणनामा कोही नछुटौं, कोही नदोहोरिऔं ।

- गणनाबाट प्राप्त व्यक्ति पहिचान हुने विवरणहरु गोप्य राखिने भएकोले सबै सत्य तथ्य विवरण मात्र उपलब्ध गराऔं ।
- आफ्नो घर परिसरमा अन्य परिवार (भाडामा समेत) पनि बस्दछन् भने सबैको विवरण लिन सहयोग गरौं ।
- आफ्नो, छिमेकी, टोलवासी, साथीभाइ, नातागोता तथा चिनेजानेका सबैलाई जनगणनामा सहभागी भई विवरण दिन आह्वान गरौं ।

मेरो गणना, मेरो सहभागिता

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग

# पूर्वमन्त्री ढकालद्वारा इण्डिया फउण्डेसनको सम्मेलनलाई सम्बोधन

काठमाडौं । नेपाल सरकारका पूर्व शान्ति तथा पुनर्निर्माण मन्त्री तथा विश्व शिखर सम्मेलनका विशेष दूत एकनाथ ढकालले विहारको पटना स्थित नालन्दा विश्वविद्यालयमा आयोजित "कोभिड पछिको विश्वव्यवस्था निर्माणमा धर्म धम्म परम्परा" विषयक तीन दिवसीय अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गरेका छन् ।

सम्मेलनमा ४० जना प्रतिष्ठित वक्ताहरूमध्ये भारतका उपराष्ट्रपति भेनकाया नायडु, विहारका मुख्यमन्त्री, नीतिशकुमार, भारतीय जनता पार्टीका पूर्व राष्ट्रिय महासचिव राम माधव लगायत थिए । सम्मेलनमा जारी प्रेस विज्ञप्तिमा जनाइए अनुसार कार्यक्रममा भागलिन हजारौं भारतीय सहभागीहरूका साथमा २ सय भन्दा बढी विदेशी पाहुनाहरू, उल्लेख्य विद्वत् वर्गहरूलाई आमन्त्रण गरिएको थियो । सम्मेलनले विश्वका शिक्षाविदका साथसाथै नीति निर्माताहरू, भारत तथा विदेशका धार्मिक अगुवाहरूलाई कोभिड पछिको विश्वव्यवस्था निर्माणका लागि सम्भावनाहरूको खोजी गर्नका लागि मञ्च प्रदान गरेको थियो । नालन्दा विश्वविद्यालय तथा इन्डिया फाउण्डेसनको विशेष अतिथीका रूपमा त्यहाँ पुगेका ढकालले सम्मेलनलाई सम्बोधन गर्दै नेपाल तथा भारतले आफ्नो सांस्कृतिक तथा ऐतिहासिक विरासतको बहुमूल्य अंशका रूपमा गर्वका साथ साझेदारी गर्ने धर्म धम्म परम्पराले एशियाका बहुसंख्यक दृष्टिकोणमा प्रभाव पारेको छ र विश्वलाई शौर्य एवं शान्त्वना र भरोशा प्रदान गरेको छ भन्ने विचार प्रश्तुत गरे ।

उनले मानव र प्रकृति बिचको सामञ्जस्यपूर्ण सहअस्थित्वलाई समेट्नुपर्ने कुरामा पनि जोड दिए । महामारीको समस्याबाट अघि बढ्न तथा कोभिड पछिको विश्वलाई स्वस्थ र सुखी बनाउनका लागि सम्मेलन फलदायी हुने आफूले विश्वास गरेको कुरा समेत ढकालले बताए । सम्मेलनले स्वास्थ्य, मानव कल्याण, जलवायु परिवर्तन, सामाजिक एकीकरणसँग सम्बन्धित अहिलेको समयका जल्दाबल्दा विषयहरूको उठान गरेको थियो । नेपाल परिवार दलका अध्यक्ष समेत रहेका ढकालले आफ्नो सम्बोधनमा व्यक्तिगत तथा राष्ट्रिय स्वार्थ भन्दा पनि दीगो शान्ति, विश्वव्यापी स्वास्थ्य, न्याय तथा भाइचारा, समानता, हेरचाह, साझेदारी, मानवीय खुशी जस्ता कुराहरूले संसारलाई चलायमान बनाउनु पर्नेमा पनि जोड दिए ।

विश्व शिखर सम्मेलनका नवनियुक्त विशेषः दूत ढकालले विहार राज्यका मुख्यमन्त्री नीतिश कुमारसँग पनि संवाद गरेका थिए भने नेपालको छिमेकी राज्य बिहारको मानव जीवन उत्थान, तीव्र आर्थिक विकासमा उनको सक्षम नेतृत्वको प्रशंसा समेत गरे । भारतको निकटतम छिमेकी देशबाट आएका पाहुनालाई भेट्न पाउँदा आफूलाई खुशी लागेको कुरा मुख्य मन्त्रि नितेश कुमारले व्यक्त गरे ।

## जिल्ला समाचार

### दहेजलाई अन्त्य गर्नुको विकल्प छैन : मुख्यमन्त्री

जनकपुरधाम । प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले दाइजो प्रथा सामाजिक कुरूती मात्र नभई सामाजिक अपराध समेत रहेको बताएका छन् । जिलई जमईत अहलेहदिस प्रदेश न २ द्वारा धनुषाको गणेशमाण चारनाथ नपा २ छघरीयास्थित मदरसाको प्राङ्गणमा आयोजित दहेजमुक्त अभियान कार्यक्रमका प्रमुख अतिथिको आसनबाट बोल्दै मुख्यमन्त्री राउतले दहेजरूपि सामाजिक अपराधलाई अन्त गर्नुको विकल्प नरहेको बताएका हुन् । मुख्यमन्त्री राउतले दहेजको नाउमा सडकको अपराधीक घटनाहरू समाज भएको तथ्य उजागर गर्दै यस्ता अपराध अन्तको लागि सबैलाई आ- आफ्नो स्थानबाट प्रण गर्न आग्रह गरेका थिए । समाजको अधा हिस्सा ओगटेको महिलाहरूको शिक्षामा जोड दिनु पर्ने उल्लेख गर्दै मुख्यमन्त्री राउतले सबै क्षेत्रमा महिलाको पहुँच नभएसम्म समाजले विकास गर्न नसक्ने ठोकुवा गरे । प्रदेश सरकारले महिलाहरूको लागि ५० प्रतिशत आरक्षण गरेको जानकारी गराउँदै उहाले शिक्षा नलिएसम्म उच्च आरक्षणको समेत फाईदा लिन नसक्ने जिकिर गरे । मतिबुल रहमानको अध्यक्षमा भएको उक्त कार्यक्रममा संघीय सांसद एवम् पूर्वमन्त्री मातृका प्रसाद यादव, मुस्लिम आयोगका अध्यक्ष समिम मिया अन्सारी, जसपा केन्द्रिय सदस्य दिपाक कार्की, प्रदेशसभा सदस्य रामअशिष यादव, जैनुल राईन, मुस्लिम धर्मगुरूहरूले दहेजमुक्त समाज निर्माणका लागि आ- आफ्नो धारणणा व्यक्त गर्नु भएका थिए । कार्यक्रममा बौद्धिक पेसाकर्मी माहासंघका उपाध्यक्ष जितेन्द्र यादव, जनकपुरधाम उपमहानगरका प्रमुख लालकिशोर साह, उपप्रमुख, विभिन्न राजनीति दलका नेता, सामाजिक अभियन्ताहरूको उपस्थिति रहेको थियो ।

### प्रदेश नं. २ मा नक्कली चुरोटको बिगबिगी

धनुषा । सिरहा, धनुषा तथा महोत्तरीको सहरी तथा ग्रामीण क्षेत्रमा नेपाली ब्राण्डकै भारतीय नक्कली चुरोटको बिक्री वितरणको बिगबिगी बढेको छ । नेपाल र भारत सीमासँग जोडीएको अधिकांश बजारमा नक्कली चुरोट खुल्लेआम बिक्री वितरण गरेको पाइएको छ । यो समस्या यी दुई जिल्लामा मात्र नभई प्रदेश दुईका आठै जिल्लामा रहेको पाइएको छ । आन्तरीक राजस्व कार्यालय धनुषाको निर्णय अनुसार धनुषाको महेन्द्रनगर ईलाका प्रहरी कार्यालयको नेतृत्वमा खटिएको टोलीले क्षिरेश्वर नगरपालिका ५ स्थित शंकर जेनरल स्टोर्स र चन्दन किराना स्टोर्समा नक्कली चुरोटको खरिद विक्रीको गोप्य सुचनाका अनुसार छापा मारेर मंगलवार सूर्य नेपाल प्रालीको सक्कलीमा गाढा रातो रंगको डिब्बा जस्तै देखिने ४९९ थान खुकुरी ब्राण्डको नक्कली चुरोटको डब्बा फेला परेका छन् । फेला पारेका नक्कली चुरोट सहित पसलका सञ्चालक शंकर साहलाई प्रहरी नियन्त्रनमा लिई थाप अनुसन्धानका लागि आन्तरीक राजस्व कार्यालय जनकपुरधाम पठाइएको हो । सामान बरामद गर्ने मात्रै नभएर यसमा कारबाही प्रक्रिया अगाडि नबढेसम्म नक्कली सामान भित्रने कमी नआउने जानकार बताउँछन् । सरकारले नीति नियम कार्यान्वयन गर्न नसक्दा नेपाली बजारमा नेपाली ब्राण्डकै भारतीय नक्कली सूर्तीजन्य पदार्थको बिक्री वितरण एवं कारोबार हुँदै आएको जिल्ला प्रहरी कार्यालय धनुषाको टोलीले खुलाएको छ । सम्बन्धित निकायले ठोस रूपमा अनुगमन गर्न नसक्दा यस्ता नक्कली पदार्थ बिक्री भइरहेको छ भने राजस्व छली समेत हुँदै आएको आन्तरिक राजस्व कार्यालयले जनाएको छ । नक्कली भारतीय सूर्तीजन्य पदार्थ नेपाली बजारमा पाउन थालेपछि नेपाली उद्योग धाराशायी हुने स्थितिमा पुगेको उद्योगिहरूले बताएका छन् । सूर्य नेपाल प्रा.लि.को सक्कलीमा गाढा रातो रंगको डिब्बा रहेको छ भने नक्कली चुरोटमा आन्तरिक राजस्व विभाग लेखिएको नक्कली स्टिकर,फिक्का रातो रंगको डिब्बा, भित्र चुरोटको आकारमा परिवर्तन समेत रहेको देखिएको छ । एक महिनामा विभिन्न स्थानहरूबाट कम्तीमा ५ करोड रूपैंया बराबरको नक्कली चुरोट अबैध रूपमा भित्रिने गरेको स्वदेशी उत्पादकहरूको दाबी रहेका छन् । अवैध कारोबारीले प्रति महिना करिब ३ करोड रूपैयाँ अन्तःशुल्क छलेको अनुमान गरिएको छ । यसमा सरकारी निकायले ध्यान दिन अत्यन्तै आवश्यक रहेको छ ।

### श्रीमती हत्या गरी जंगलमा फाल्ने पक्राउ

कपिलवस्तु । आफ्नै श्रीमती ३५ वर्षीया चिन्का लोनियाको हत्या गरी जङ्गलमा फालेर फरार रहेका अभियुक्त महाराजगंज नगरपालिका-११ बाबा बनगाई बस्ने ४५ वर्षीय राम केवल लोनियालाई प्रहरीले पक्राउ गरेको छ। २०७८ असोज १७ गते दिउँसो बुद्धभूमि नगरपालिका-९ चम्पापुरस्थित कपिलबस्तु साझेदारी सामुदायिक जंगलमा मानव कंकाल फेला परेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गोरूसिङे कपिलवस्तुबाट खटिएको प्रहरीले घटनास्थलमा गई आवश्यक अनुसन्धान गरेपनि तत्काल पहिचान खुलेको थिएन । गत असोज २६ गते ईलाका प्रहरी कार्यालय गोरूसिङेमा कर्तव्य ज्यान मुद्धा शिर्षकमा मुद्धा दर्ता भई अनुसन्धान भइरहेकोमा कात्तिक ७ गते घटनास्थलमा फेला परेका चप्पल, कपडाहरूबाट उनको सनाखत भएको थियो । घटना सम्बन्धमा गोप्य रूपमा बुझ्दै जाँदा चिन्कालाई राम केवलले हत्या गरी नेपाल भारत सिमा क्षेत्रमा लुकिछिपी बस्दै आएको भन्ने खुल्न आएपश्चात खोजतलास गर्नेक्रममा ईलाका प्रहरी कार्यालय गोरूसिङे कपिलवस्तुबाट खटिएको प्रहरीले बुद्धभूमि नगरपालिका-९ डुमरामा फेला पारी पक्राउ गरेको हो । चिन्काले पर पुरूषसँग अवैध सम्बन्ध राख्ने गरेको शंकाको विषयलाई लिएर आपसी झगडा भएपछि श्रीमतीलाई मार्ने योजना बनाई भदौ १५ गते जंगलमा बाती काट्ने काठ लिन जाने बहानामा जंगलमा लगी हसियाँले हत्या गरी भारततर्फ भागेको अनुसन्धानबाट खुल्न आएको छ ।

### सवारी दुर्घटनामा मोरङमा पाँचको मृत्यु

विराटनगर । मोरङ जिल्लाको विभिन्न छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा पाँच जनाको ज्यान गएको छ । केराबारी गाउँपालिका-९ बेलचौरीस्थित भित्री सडकमा को.४० प १७२७ नम्बरको मोटरसाइकल र बा.१० च ४३०० नम्बरको स्कारपियो एक-आपसमा ठक्कर खाई शनिबार साँझ दुर्घटना हुँदा मोटरसाइकलमा सवार ३ जनाको मृत्यु भएको छ । दुर्घटनामा मोटरसाइकल चालक लेटाङ नगरपालिका-२ बस्ने ३० वर्षीय कमल कार्की र मोटरसाइकलमा सवार मोरङ पथरी बस्ने ५५ वर्षीय कुल बहादुर सुबेदीको घटनास्थलमै र मोटरसाइकलमा सवार लेटाङ नगरपालिका-२ बस्ने ४५ वर्षीया सिता कार्कीको घोपा अस्पताल धरानमा उपचारको क्रममा मृत्यु भएको हो । स्कारपियो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी, ग्रामथान गाउँपालिका-२ झङ्गाहीस्थित सुखानी खोलाको पुलबाट को.१२ प १६७० नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई पुलबाट सुखानी खोलामा खस्दा मोटरसाइकल चालक कटहरी गाउँपालिका-५ बस्ने २१ वर्षीय आशिष सरदारको आइतबार बिहान घटनास्थलमै मृत्यु भएको छ । त्यसैगरी, रंगेली नगरपालिका-६ पिपलस्थित सडकमा साईकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा साईकलयात्री सुनवर्षी नगरपालिका-६ पटियापाडा बस्ने ३० वर्षीय सत्रुघन साहको शनिबार साँझ मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि रंगेली अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### हत्या गरेको अभियोगमा ८ जना पक्राउ

कैलाली । टिकापुर नगरपालिका-१ स्थित सिद्वार्थ होटल नजिकै लम्कीचुहा नगरपालिका-१ लम्की चौराह बस्ने २३ वर्षीय भुपेन्द्र बडुवालको मंगलबार साँझ धारिलो हतियार प्रहार गरी हत्या गरेको अभियोगमा ८ जनालाई प्रहरीले पक्राउ गरी अनुसन्धान सुरू गरेको छ । पक्राउ पर्नेहरूमा लम्कीचुहा नगरपालिका-३ चिसापानी बस्ने २४ वर्षीय महेश रावल, सोही ठाउँ बस्ने २० वर्षीय आर्यन देवकोटा, सोही ठाउँ बस्ने २० वर्षीय धिरज शाही, लम्कीचुहा नगरपालिका-१ बस्ने २२ वर्षीय कपिल श्रेष्ठ तथा सोही ठाउँ बस्ने १८ वर्षीय किशोर, टिकापुर नगरपालिका-१ बस्ने २३ वर्षीय प्रबीन रिमाल, टिकापुर नगरपालिका-१ बस्ने २१ वर्षीय रोहित आले र सोही ठाउँ बस्ने २६ वर्षीय सोहन शाह रहेका छन् । अपरिचित ब्यक्तिहरूको धारिलो हतियार प्रहारबाट भुपेन्द्र गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कैलाली र इलाका प्रहरी कार्यालय टिकापुरबाट प्रहरी टोली परिचालन गरी तत्काल घाइतेलाई उपचारको लागि टिकापुर अस्पताल लगेकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो । घटनास्थलबाट सु.प.प्र.०१००८ प ५५६५ नम्बरको स्कुटर र सु.प.प्र. ०१००८ प १०७२ नम्बरको मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ । सोही बिषयलाई लिएर मृतकका आफन्तहरूले चिसापानी बजारस्थित महेश रावलको संगम होटल, भैरव शाही र राज बहादुर शाहीको घरमा ढुंगामुडा गर्दा सामान्य क्षति भएको छ । साथै उनीहरूले लम्कीचुहा नगरपालिका-१ स्थित लम्की चोकमा पूर्व पश्चिम राजमार्ग समेत अवरोध गरेकोले हटाउने पहल भइरहेको छ ।

# पशुपतिनाथ–काशी विश्वनाथ अमृत महोत्सव मोटरसाइकल ¥याली आरम्भ





काठमाडौं । पशुपतिनाथ-काशी विश्वनाथ अमृत महोत्सव मोटरसाइकल ¥याली आरम्भ भएको छ । पशुपतिनाथ मन्दिरका मूलभट्टको उपस्थितिमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले तथा नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले पवित्र पशुपतिनाथ मन्दिरबाट "पशुपतिनाथ-काशी विश्वनाथ अमृत महोत्सव मोटरसाइकल ¥याली" को बिहीबार संयुक्तरूपमा शुभारम्भ गरेका छन् ।

¥यालीमा करिब ५० भारतीय तथा नेपाली मोटरसाइकलप्रेमीहरूको सहभागिता थियो ।

भारत र नेपालका जनताबीचको अटुट र अनन्त सम्बन्धलाई उजागर गर्ने र पारस्परिक सांस्कृतिक सम्बन्धलाई अझ सुदृढ बनाउने ¥यालीको उद्देश्य रहेको जनाइएको छ ।

साथै हाम्रा दुई देशका साझा धार्मिक तथा सांस्कृतिक सम्पदाका बारेमा युवाहरूमाझ जनचेतना फैलाउने उद्देश्य पनि ¥यालीको रहेको जनाइएको छ ।

कार्यक्रममा मन्त्री आलेले भारत र नेपालबीचको सदियौं पुरानो सांस्कृतिक सम्पदा र सभ्यताको सम्बन्धको बारेमा बताउनुका साथै मोटरसाइकल ¥यालीका सहभागीहरूलाई यात्राको सफलताको लागि शुभकामना दिएका थिए ।

भारतीय राजदूतले काठमाडौं र काशीबीच विशेष सम्बन्ध रहेको र दुई देशका जनतालाई अझ निकट ल्याउन पशुपतिनाथ र काशी विश्वनाथजस्ता प्राचीन मन्दिरले खेलेको भूमिकाबारे बताएका थिए ।

सो ¥यालीका सहभागीहरूले कार्तिक २७ गते वनारसमा अवस्थित काशी विश्वनाथ मन्दिरको भ्रमण गरी सरसफाई एवम् स्वच्छताको सन्देश फैलाउन दशाश्वमेधघाटमा पूजा गरी स्वच्छता श्रमदान अर्पण गर्नेछन् ।

यात्राका क्रममा ¥याली महात्मागान्धीले भारत स्वतन्त्रत संग्रामको बेला चम्पारण सत्याग्रह आरम्भ गरेको स्थान मोतिहारी, भगवान बुद्धले पहिलो प्रवचन दिएको स्थल सारनाथ, भारत र नेपालका धर्मावलम्बीहरूको एक प्रख्यात धार्मिकस्थल गोरखनाथ मठजस्ता विभिन्न ऐतिहासिकस्थल हुँदै अघि बढ्नेछ ।

यात्राका झलकहरू दूतावासको सामाजिक सञ्जालमा हेर्न सकिने दूतावासले विज्ञप्तिमार्फत् जनाएको छ ।

स्वतन्त्र भारतको ७५ वर्ष र भारतीय जनताको उल्लेखनीय प्रगतिको इतिहासको स्मरण तथा उत्सव मनाउन भारत सरकारले अघि सारेको 'आजादी का अमृत महोत्सव' अन्तर्गत काठमाडौंस्थित भारतीय राजदूतावासले रोयल इनफिल्ड काठमाडौंसँगको सहकार्यमा यस ¥यालीको आयोजना गरेको हो ।


## हार्दिक श्रद्धाञ्जली

जन्म
वि.सं. २००४



स्वर्गारोहण
वि.सं. २०७८।६।२१

**स्व.रामाज्ञा चतुर्वेदी**

नेपाल वायुसेवा निगमका पूर्वअध्यक्ष तथा समाजसेवी **श्री रामाज्ञा चतुर्वेदी**को गत असोज २१ गते भएको असामयिक निधनले हामी अत्यन्त मर्माहित भएका छौं । दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**मधेशवाणी परिवार**



## हार्दिक श्रद्धाञ्जली

जन्म
वि.सं. २०२०



स्वर्गारोहण
वि.सं. २०७८।७।६

**स्व.रामानन्द गुप्ता**

नेपाल पत्रकार महासंघ प्रदेश नं. २ का उपाध्यक्ष पत्रकार **श्री रामानन्द गुप्ता**को गत कार्तिक ५ गते भएको असामयिक निधनले हामी अत्यन्त मर्माहित भएका छौं । दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**मधेशवाणी परिवार**



## हार्दिक श्रद्धाञ्जली

जन्म
वि.सं. १९९३



स्वर्गारोहण
वि.सं. २०७८।७।१५

**स्व.राजदेव मिश्र**

तत्काली जनकपुरका मेयर तथा समाजसेवी **श्री राजदेव मिश्र**को गत कार्तिक १५ गते भएको असामयिक निधनले हामी अत्यन्त मर्माहित भएका छौं । दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**मधेशवाणी परिवार**


## आर्थिक समाचार

### नबिलले क्यास ब्याक अफर दिने

काठमाडौं । नबिल बैंकले दराज (अनलाइन बजार) को ११.११ को अवसरमा ग्राहकलाई विशेष अफर ल्याएको छ । दराजसँगको साझेदारीका कात्तिक २५ देखि मंसिर ३ गतेसम्म किनेको सामानमा डेबिट कार्डमार्फत गरेको भुक्तानीमा विशेष छुट पाउने व्यवस्था गरिएको हो । बैंकका ग्राहकले डेबिट कार्डमार्फत रकम भुक्तानी गर्दा १५ प्रतिशत छुट वा अधिकतम ३ हजार रूपैयाँ क्यास ब्याक पाउने छन् । त्यस्तै क्रेडिट कार्डमार्फत भुक्तानी गर्दा १५ प्रतिशत वा ३ हजार ५ सय रूपैयाँसम्म क्यास ब्याक पाउने बैंकले जनाएको छ । सन् १९८४ मा स्थापित यस बैंकले हाल १३५ शाखा, १८५ एटीएम र १ हजार ५०० भन्दा बढी नबिल रेमिट एजेन्टहरूमार्फत सेवा प्रदान गर्दै आएको छ ।

### प्राइम बैंकको १६ प्रतिशत बोनस सेयर

काठमाडौं । प्राइम कमर्सियल बैंकले गत आर्थिक वर्षको नाफाबाट सेयर धनीलाई १६ प्रतिशत बोनस सेयर दिने भएको छ । बैंकको सञ्चालक समिति बैठकले सञ्चालक समिति बैठकले सोमबार १६.६३१३ प्रतिशत लाभांश दिने निर्णय गरेको हो । यसमध्ये १६ प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि ०.६३१३ प्रतिशत नगद लाभांश प्रस्ताव गरिएको बैंकले जनाएको छ ।

# पूर्वमन्त्री एकनाथ ढकालद्वारा विश्व चर्चित गुरू रवि शंकरसँग भेट



काठमाडौं । भारतको पाँचदिने भारत भ्रमणमा रहेका पूर्वमन्त्री एकनाथ ढकालले विश्व चर्चित गुरू रवि शंकरसँग भेट गरेका छन् । बैंगलौरस्थित गुरू रवि शंकरको आर्ट अफ लिभिङ्ग आश्रममा भएको भेटमा पूर्व मन्त्री ढकालले गुरू रवि शंकरले विश्वमा मध्यात्मीक जागरण, मानव कल्याण र शान्तिको लागि पु¥याएको अतुलनीय योगदानको कदर गरे । नेता ढकालले उनको शिक्षाले नेपालका पनि लाखौं नागरिक लाभान्वीत भएकोमा नेपाली जनताको तर्फबाट धन्यवाद ज्ञापन गरे । विश्व शिखर सम्मेलन को विशेष दुतसमेत रहेका ढकालले गुरू रवि शंकरलाई विश्व शान्ति सम्मेलनमा प्रमुख वक्ताको रूपमा सम्वककधन गर्न आयोजकको तर्फबाट आमन्त्रण पत्र हस्तान्तरण गरे ।

गुरू रवि शंकरले छिमेकी मित्र राष्ट्रका उद्यमान युवा नेतालाई आफ्नो आश्रममा स्वागत गर्न पाउदा खुशी व्यक्त गर्दै सम्पूर्ण नेपाली हरूमा र विश्वशान्ति अभियानका सदस्यहरूमा सुख शान्ति र समृद्धि होस भनी कामना गरे । करीब ३० मिनेट भएको भेटघाटमा नेपाल भारत बिचको पारस्परिक सम्बन्ध लाई थप सुदृढ बनाउने विषय देखी दक्षिण एशिया र सिङ्गो एशिया प्रशान्त क्षेत्रको शान्ति र स्थायित्वको बारेमा पनि कुराकानी भएको जनाइएको छ । गुरू रवि शंकरले यूनिभर्सल पिस फेडरेशनका संस्थापक महामहिम डा. सन म्योङ्ग मून र श्रीमती डा. हाक जा हान मुनको विश्व शान्तिको अथक प्रयासको उच्च प्रशंसा गर्दै मदर मूनको सुस्वास्थ्य दिर्घायुको कामना गरे । गुरू रवि शंकरलाई भेट्न पूर्वमन्त्री ढकाल, परिवार दलका प्रवक्ता संतोष कुमार पौडेल र दक्षिण एसियाली मामीलाका संयोजक कृष्ण अधिकारीका साथ आश्रममा पुगेका थिए । विश्वका १५५ राष्ट्रमा करिब ३७ करोड भक्त भएका गुरू रबि शंकर भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको पनि अति निकट व्यक्तित्व हुन् ।


## राष्ट्रिय जनगणना २०७८

## मेरो गणना–मेरो सहभागिता

राष्ट्रिय जनगणनामा परिवारमुलीको नाम लेखाउँदा अक्सर घरको व्यवहार गर्ने तथा परिवारमा आइपरेको निर्णय जसले गर्छन् उहाँलाई लेखाऔं । महिलाले घर व्यवहार सञ्चालन गर्ने गरेको भए परिवारमुली महिला नै हुन्छन् ।

गणना गर्ने अवधि: कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म

नेपाल सरकार

**विज्ञापन बोर्ड**





## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं